**सभ्यरूपमा चाडपर्व मनाऔं**
- चाडपर्वमा तडकभडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं,
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं,
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं,
- सबैको चाडपर्व एवं संस्कृतिको सम्मान गरौं,
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily .com

**जनहितमा जारी सन्देश**
- महामारीको रूपमा मङ्कीपक्स आउँदैछ ।
- डेङ्गी र हैजाले पिरलो पारेकै छ ।
- वर्षात्को महीना भएकोले झाडा-पखाला पनि लाग्छ ।

**किनकि;**
- हामी स्वास्थ्य सतर्कताप्रति संवेदनशील छैनौं,
- शहर र सडक सफा राख्न खोज्दैनौं,
- सतर्क बनौं, विभिन्न ब्याधिबाट जोगिन घर-आँगन, सडक र शहर सफा राखौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज २३ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 09 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५२

## वीरगंज मेलाको आकर्षण जिलेबी



तस्वीर: प्रतीक





प्रस, वीरगंज, २२ असोज/

वीरगंजमा लाग्ने मेलाको आकर्षणमा यस वर्ष पनि जिलेबी नै परेको छ । घटस्थापनादेखि शुरू भएको वीरगंजको मेलामा अहिले ३० भन्दा बढी जिलेबीका स्टलहरू राखिएका छन् ।

छिमेकी भारत र पर्साको ग्रामीण क्षेत्रबाट कारीगरहरूले जिलेबी बनाउने र बिक्री गर्दै आएका छन् । गत वर्षको तुलनामा जिलेबी प्रतिकिलोमा रु ४० बढेर रु २०० मा बिक्री भइरहेको छ । गत वर्ष रु १६० प्रतिकिलोमा बिक्री भइरहेको जिलेबी रिफाइन तेल र चिनीको मूल्यवृद्धि भएका कारण मूल्य बढाउनुपरेको पसलेहरूले बताएका छन् । गत वर्ष रिफाइन तेल प्रतिलिटर रु १६० थियो भने अहिले ३२० पुगेको र चिनी रु ७१ बाट अहिले ८२ प्रतिकिलो भएका कारण जिलेबीको मूल्य बढाउनुपरेको उनीहरूले बताए ।

प्रत्येक वर्षको मेलामा जिलेबी पसल बढिरहेका कारण बिक्री घटेको एकजना पसलेले बताए । गत वर्षको तुलनामा यसपटकको मेलामा आधा पनि बिक्री नभएको ती पसलेको भनाइ छ । वीरगंज ब्यारेकदेखि बिर्तासम्म र माईस्थान मन्दिरदेखि गीता मन्दिरसम्म जिलेबी पसलहरू ठाउँठाउँमा राखिएका छन् । आकर्षक तरीकाले बनाइने जिलेबीप्रति आम मानिसको आकर्षण पनि बढिरहेको देखिन्छ ।

## बिक्री घटेपछि सेल अभियान

प्रस, वीरगंज, २२ असोज/

वीरगंजका रेडिमेड कपडाका पसलहरूमा दशैंको खासै प्रभाव परेको छैन । यसपटक घटस्थापनादेखि नै पसलहरूले सेल लगाउँथे। तर यसपालिको दशैंमा घण्टाघरदेखि आदर्शनगरसम्म ठाउँठाउँमा पसलेहरूले सेल लगाएर कम मूल्यमा कपडाहरू बिक्री गरिरहेका छन्। अहिले कलैया, जीतपुर र पर्साको पोखरियामा पनि स्तरीय पसलहरू सञ्चालन भएका कारण त्यहाँबाट ग्राहकहरू वीरगंज नआउँदा कारोबार



तस्वीर: प्रतीक

घण्टाघरदेखि अलखियामठसम्मका रेडिमेड कपडाका पसलहरूमा ग्राहकहरूको भीड देखिंदैन ।

रेडिमेड पसलेहरूले गत वर्षकै कपडाहरू बिक्री नभएका कारण यसपालिको दशैंमा नयाँ कपडा खरीद नगरेको र पुरानै कपडालाई कम मूल्यमा बिक्री गर्नुपरेको बताएका छन्। विगतका वर्षहरूमा चप्पल, जुत्ता, भाँडाकुँडाहरूको सेल लाग्थ्यो भने कमै मात्र कपडा

वीरगंजका पसलहरूमा कपडालगायत अन्य सामानहरूको बिक्री कम हुनुको कारण अनलाइन सामान खरीद र जिल्ला तथा छिमेकी जिल्ला बाराका विभिन्न स्थानमा स्तरीय बजार सञ्चालनमा आउनु हो । एक दशक अघिसम्म पर्सा जिल्लाका ग्रामीणवासीहरूको किनमेल वीरगंजमा हुन्थ्यो । त्यसैगरी कलैया, प्रसौनी, परवानीपुरबाट पनि मानिसहरू किनमेलका लागि वीरगंज आउँथे। तर कम भएको हो ।

वीरगंजका मानिसहरू यसै पनि दशैंलगायतका पर्वहरूमा किनमेलको लागि छिमेकी मुलुक भारतको रक्सौल पुग्ने गर्छन् ।

रक्सौलमा घटस्थापना अघिदेखि नै सामान खरीद गर्नेहरूको भीड बढेको छ। अहिले पनि त्यहाँका पसलहरूमा खाद्यान्न, कपडा, जुत्ता, चप्पलहरूको किनमेल वीरगंजको तुलनामा बढी छ ।

## अलौं घटनामा काङ्ग्रेस, एमालेको फरक विज्ञप्ति

प्रस, वीरगंज, २२ असोज/

अलौं घटनालाई लिएर मङ्गलवार नेपाली काङ्ग्रेस, पर्साले विज्ञप्ति जारी गरी खेद व्यक्त गरेको छ ।

तस्वीर: फाइल



नेका पर्साका प्रवक्ता रमेश पाण्डेले विज्ञप्तिमार्फत हिजो वडा नं १७ अलौंमा वर्षाको पानीको निकासको विषयलाई लिएर नगरप्रमुख राजेशमान सिंहको नेतृत्वमा रहेको नगरप्रहरीले ज्येष्ठ नागरिक एवं नेका नगर वडा कार्यसमितिका सभापति शिवओम लामिछानेलाई हातपात गरेको, अभद्र व्यवहार गरेको साथै निजका छोरा सुदर्शन लामिछानेलाई अराजक शैलीमा कुटपिट गरी घाइते बनाएको घटनाको निन्दा एवं खेद प्रकट गरेको छ ।

उनले घटनाको निष्पक्ष छानबीन र दोषीलाई कारबाईको माग गरेका छन्। नेका, पर्साका कार्यवाहक अध्यक्ष रामनारायण कुर्मी, प्रवक्ता पाण्डे आज घटनास्थलमा पुगेर रिले अनशनमा बसेका अलौंवासीको पक्षमा ऐक्यबद्धता जनाएका थिए ।

यता एमाले, वीरगंज महानगर कमिटीका सचिव सुन्दरप्रसाद कुर्मीले पानीको निकास सम्बन्धमा असोज २० गते आइतवार अलौंको निरीक्षण गरिरहेका वडाध्यक्ष सञ्जीवबहादुर क्षत्री र वडा सदस्य आमोद यादवले निरीक्षण गर्ने क्रममा यादवमाथि स्थानीय सुदर्शन लामिछानेले हातपात, कुटपिट गरेको घटनाको भर्त्सना गरेका छन् । उनले कुनै पनि विवाद वार्ताबाट समाधान गर्न सकिनेमा गुण्डागर्दीशैली अपनाउनु न्यायोचित नभएको भन्दै घटनामा संलग्नलाई पक्राउ गरी कारबाईको माग गरेका छन् ।

वर्षाको पानी निकासको विषयलाई लिएर अलौंमा असोज १९ गतेदेखि विवाद हुँदै आएको छ। असोज ११ र १२ गतेको अविरल वर्षाले वडा नं २०, २४ र २६ का बहुअरी, हरपतगंज र सुगौलीका केही घरहरू र धानबाली डुबानमा परेका थिए। अहिलेसम्म सो क्षेत्र डुबानमा परेको र सोको निकास अलौंस्थित आइसिपी अगाडिबाट गर्न खोजिंदा विवाद चुलिएको हो । एक पक्षले निकास बन्द गर्ने र महानगरले निकास खोल्ने विषयमा विवाद हुँदै आएकामा हिजो नगरप्रमुख सो स्थानमा जाँदा विवाद बढेर हात हालाहालको स्थिति सृजना भएको थियो। नगरप्रमुख र लामिछाने परिवारले एकअर्कामाथि आरोप लगाउँदै आएका छन् । घटनाको विरोधमा आज पनि अलौंवासीले आइसिपी अगाडि रिले अनशन जारी राखेका छन्। उनीहरूले नगरप्रमुखले पीडितसँग माफी माग्नुपर्ने अडान लिएका छन् ।

## महानगरको प्रशासन शाखा प्रमुख गिरीले राजीनामा दिए

प्रस, वीरगंज, २२ असोज/

वीरगंज महानगरपालिकाका प्रशासन शाखा प्रमुख राजेश गिरीले पदबाट राजीनामा दिएका छन् ।

हिजो साँझ ६:३० बजे नगरप्रमुख राजेशमान सिंहले दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई तलब दिनको लागि उठाएको टिप्पणी आदेशमा सही नगरेको कारण कुटपिट गर्न निर्देशन दिएको र सोपछि उनले राजीनामा दिएको बुझिन आएको छ ।

हिजो कार्यालय समय सकिएपछि पनि प्रशासन शाखा र महाशाखाका कर्मचारीलाई दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको तलब दिन भनेर रोकिएको थियो । प्रशासन महाशाखा प्रमुख प्रतिज्ञा वैद्यले टिप्पणी आदेशमा सही गरेको तर प्रशासन शाखा प्रमुख गिरीले भने हस्ताक्षर गर्न नमानेपछि उनलाई कुट्न नगरप्रमुखले आदेश दिएका थिए। सोही क्रममा नगरप्रमुखसँग रहेका केही व्यक्तिले उनीमाथि दुर्व्यवहारको प्रयास गरेका थिए। दुवै पक्षबीच मुखामुख भएको र प्रशासन शाखा प्रमुख गिरीले निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णलाई राजीनामा दिएर

(बाँकी अन्तिम पातामा)

## जग्गासम्बन्धी विवादमा वडाध्यक्ष घाइते





सुग्रीव साह, भिस्वा, २२ असोज/

छिपहरमाई गाउँपालिका-४ तुलसीबर्वामा मङ्गलवार दुई पक्षबीच जग्गासम्बन्धी विवादमा झडप हुँदा वडाध्यक्ष एवं नेपाली काङ्ग्रेसका रामेश्वर महतो केवट घाइते भएका छन्।

गापाको तुलसीबर्वा, बन्जारी निवासी खेमराज सहनी मलाहा र पिन्टु साह तेलीबीच पुरानो जग्गाको विषयलाई लिएर भनाभन भएको थियो ।

पछि विवाद चर्किंदै जाँदा दुवै पक्षबीच झडप भएको र सो झडपमा वडाध्यक्ष केवटको टाउको फुटेको हो। दुवैतर्फबाट अन्धाधुन्ध ढुङ्गामुढा हुँदा राजु साह तेलीकी पत्नी पनि घाइते भएकी छन् । घाइतेको उपचार जिल्ला अस्पताल पोखरियामा भइरहेको छ ।

## करेन्ट लागेर आमा र छोराको मृत्यु

प्रस, रौतहट, २२ असोज/

विद्युतीय मोटरबाट लिक भएको करेन्ट लागेर आमा र छोराको मृत्यु भएको छ। जिल्लाको परोहा नगरपालिका वडा नं ७ नरकटिया टोलमा बस्ने ३५ वर्षीया उर्मिला देवी र निजका १७ वर्षीय छोरा अर्जित साहको मङ्गलवार आफ्नै घरमा चापाकलमा जडान गरिएको विद्युत् मोटरबाट करेन्ट लिक भएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

उर्मिलाले कपडा धुन चापाकल चलाउन खोज्दा सोमा जडित विद्युत् मोटरबाट लिक भएको करेन्ट लागेर उनी अचेत भएको र उनलाई बचाउन

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**धेरै मानिस पचीस वर्षकै उमेरमा मर्छन् तर अन्त्येष्टि भने पचहत्तरौं वर्षमा गरिन्छ।**

**– बेंजामिन फ्रेंकलिन**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# पालिकामा अधिकारको लडाइँ

**स्थानीय तहहरूमा सरकार प्रमुख र प्रशासन प्रमुखबीच मनमुटाव भएका घटनाहरू आइरहन्छन्। गाउँपालिका वा नगर, कमोवेश यो समस्या छ। पालिका प्रमुख र प्रशासन प्रमुखबीच मेलमिलाप रहेका पालिकाहरूमा भने उपप्रमुख वा वडाध्यक्षहरू र प्रशासन प्रमुखबीच तनाव देखिन्छ। भाइ वडाध्यक्ष, दाइ वडासचिव रहेको वडामा समेत बेमेल भएको घटनाले बितेको वर्ष मधेसमा चर्चा पायो। प्रमुख प्रशासकीय अधिकृतको निर्णय पालिका प्रमुखलाई मन पर्दैन भने पालिका प्रमुखको निर्णय प्रशासकीय अधिकृतलाई मन परेको छैन। "जनमत प्राप्त सरकार प्रमुख हुँ, मैले दिएको निर्देशन कर्मचारीले खुरुखुरु मान्नुपर्छ। जश अपजश त जनप्रतिनिधिको काँधमा आउने हो" भन्ने तर्क पालिका प्रमुखको छ भने "पढे लेखेर, आयोग पास गरी, नियम–कानूनबारे बुझेर आएका हामी कर्मचारी, भोलि तल–माथि केही पऱ्यो भने कारबाई कर्मचारीले भोग्नुपर्छ" भन्ने तर्क कर्मचारी प्रमुखको हुन्छ। पालिका प्रमुख र पालिका प्रशासन प्रमुखबीच यस किसिमको विवाद तथा मनमुटावले शासन प्रणालीलाई कमजोर बनाइरहेको छ। यो समस्याले सिर्जना गरेको अस्थिरता र नकारात्मक प्रभावले स्थानीय विकास र जनसम्पर्कमा चुनौतीहरू खडा भएका छन्।**

**स्थानीय जनप्रतिनिधि र प्रशासकबीचको असहमति केवल व्यक्तिगत मनमुटाव मात्र होइन। यो राजनीतिक र प्रशासकीय संरचनामा गहिरो जरा गाडेको समस्याको प्रतिविम्ब हो। यसका विभिन्न कारणहरू छन्। प्रमुख कारण हो, राजनीतिक प्राथमिकता र प्रशासकीय कार्यप्रणाली। स्थानीय तहको संरचनामा काम, कर्तव्य, अधिकार तथा शक्तिको वितरणको विषय छ। अध्यक्ष तथा प्रमुखहरू जनप्रतिनिधि हुँदा प्रमुख प्रशासकीय अधिकृत तथा कार्यकारी अधिकृतहरू कर्मचारी प्रशासनका प्रतिनिधि हुन्। यसले स्वाभाविकरूपमा शक्ति सङ्घर्षको स्थिति सिर्जना गर्न सक्छ। कर्मचारी प्रतिनिधिले व्यक्तिगत वा दलगत कोणबाट नहेरी समग्र कर्मचारीको दृष्टिले हेर्नुपर्ने हुन्छ। जनप्रतिनिधिहरू राजनीतिक निर्णयमा जोड दिन्छन्। जसले गर्दा राजनीतिक निर्णय र प्रशासनिक प्रक्रियाबीच असहमतिहरू उब्जन्छन्। अधिकारको प्रयोगबाट हुने गैरकानूनी उपलब्धितर्फ पनि दुवैतर्फको आँखा परेको हुन्छ। अर्को महत्त्वपूर्ण पक्ष संसाधनको वितरण हो। स्थानीय तहमा उपलब्ध बजेट र स्रोतहरूको अभाव त्यसको उपयोग तथा प्रयोगको सवाल विवादको स्थायी कारण बनेको छ। जब जनप्रतिनिधिहरूलाई विकासका लागि आवश्यक संसाधनको पहुँच कम हुन्छ, तब उनीहरूले प्रशासनिक अधिकृतहरूको कर्तव्य र निर्णयप्रति असन्तुष्ट हुन थाल्छन्।**

**यो परिस्थिति सुधारका लागि विभिन्न उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ। पहिलो, हरेक स्थानीय तहमा एक स्पष्ट संवादको संरचना विकास गर्नुपर्छ। नियमित बैठक, छलफल र कार्यशालाहरूमार्फत जनप्रतिनिधि र कर्मचारीबीचको सम्बन्धलाई सुदृढ गर्न सकिन्छ। दोस्रो, पारदर्शिता आवश्यक छ। पालिकाका हरेक निर्णय, सेवा तथा त्यसका प्रक्रियाहरूबारे पारदर्शिता रह्यो भने सबैलाई सबै कुरा थाहा हुने भएकाले मनमुटाव कम हुन्छ। यसले निर्णय प्रक्रियालाई थप सहज साथै निर्णयकर्ता र कार्यान्वयनकर्ताहरूबीच एकता ल्याउँछ। कसैले अधिकार क्षेत्र मिच्यो, होच्यायो वा अवमूल्यन गऱ्यो भन्ने ठाउँ रहँदैन। तेस्रो, कर्मचारीलाई स्थानीय सरकारका दायित्व, जिम्मेवारीबारे र जनप्रतिनिधिहरूलाई प्रचलित ऐन, कानूनबारे प्रशिक्षित गर्न जरुरी छ।**

# युवा पलायन : समस्या, पहिचान र समाधान

स्वतन्त्र विचार



विनोद गुप्ता

**सरकार स्वयं जनशक्ति विदेश पलायन होस् र बढीभन्दा बढी विपेषण आओस् र बढीभन्दा बढी आयात गरेर राजस्व उठाउँदै सजिलै सरकार चलोस्; अधिकांश युवा विदेश रहँदा देशमा विरोध र प्रतिवाद नहुने सिद्धान्त लिएर हिंडेको छ। तर यो देशका लागि अत्यन्त घातक नीति हो।**

नेपालबाट युवाहरूको पलायन ठूलो समस्याको रूपमा देखा पर्न थालेको छ। नेपालबाट भइरहेको पलायनलाई तीन वर्ग वा श्रेणीमा विभाजित गर्न सकिन्छ। पहिलो– श्रमको लागि खाडीलगायत देश पुग्ने। यिनले आर्जन गरेको धनमध्ये खर्च गरेर बाँकी रकम रेमिटयान्सको रूपमा देश पठाउँछन्। नेपाल जीवनस्तर सर्वेक्षण IV का अनुसार नेपालमा सन् २०२२–२३ मा ७६.८ प्रतिशत घरधुरीले सालाखाला रु १,४५,०९३ प्राप्त गर्दछन्। यसमध्ये दैनिक उपभोग्य खर्चमा ७२.४ प्रतिशत, शिक्षामा ४.६, ऋण भुक्तानी १५.८ प्रतिशत गरी ९२.८ प्रतिशत खर्च हुन्छ भने औषधीय ४ प्रतिशत र अन्य खर्चहरू कटाउँदा १.९ प्रतिशतसम्म मात्र बचत हुने गरेको सर्वेक्षणले देखाएको छ। यस्तो अवस्थामा ठूलो सङ्ख्यामा युवाहरूको पलायनले देशको उद्योग एवं व्यापार विस्तारको गति सुस्त हुन थाल्दछ र कालान्तरमा यो अवरुद्ध पनि हुन सक्छ।

दोस्रो– उच्च र विशेषज्ञ शिक्षा हासिल गर्न जानेहरूको समूह। यस्ता युवाहरू वस्तुतः उच्च शिक्षाको नाममा विदेश गई रोजगार खोज्ने र त्यतै स्थायी बसोवास गर्ने मनस्थितिमा हुन्छन्। तेस्रो– यो नयाँ वर्ग हो–सरकारी सेवामा रहेकाहरू विदेशिने। वर्ष २०७९–८० मा ६३५ जना निजामती कर्मचारीले जागीर छाडे। वर्ष २०८०–८१ मा यो सङ्ख्या ७९४ पुग्यो। प्रहरीतर्फ २ वर्षमा ६,५७७ जनाले जागीर छाडेको तथ्याङ्क छ।

अध्यागमन विभागको २०२३ को तथ्याङ्क अनुसार एक वर्षमा १६ लाख ३ हजार ८३६ नेपाली विदेशिएकामा ११ लाख पुरुष र ४ लाख ३२ हजार ५८४ महिला रहेका छन्। यीमध्ये १ लाख ८ हजार ५४२ अध्ययनका लागि गएको तथ्याङ्क छ। बाँकीमध्ये ७.५ प्रतिशत युवा अदक्ष र १.५ दक्ष एवं २३ प्रतिशत अर्धदक्ष रोजगारका लागि गएका छन्। त्यत्रो ठूलो सङ्ख्यामा युवा पलायन हुनु र प्रतिघरधुरी सालाखाला रु १४५००० मात्र प्राप्त हुनु, कौवालाई बेल पाक्यो हर्ष न विस्मात्को स्थिति हो। यति सङ्ख्यामा अर्धदक्ष, अझै दक्ष कामदार पठाउन सके कति रेमिटयान्स भित्रिने थियो ? तर त्यति पनि गर्न सकेका छैनौं।

हालसालै १०९ देशमा गरिएको ग्लोबल स्कील रैंकिङ सर्वे अनुसार हामी तलबाट दोस्रो अर्थात् १०८ औं स्थानमा छौं। हामीभन्दा तल सुडान छ। दक्षिण एशियामा भ्रष्टाचारमा प्रथम र स्कील र रैंकिङमा तलबाट दोस्रो स्थान प्राप्त गर्नुले नै के देखिन्छ ? त्यसैगरी उच्च व्यवस्थापकीय एवं प्राविधिक शिक्षा प्राप्त गर्न र देशमैं प्राप्त गरिरहेकाहरू रोजगारका लागि अमेरिका, कनाडा, युरोतिर पनि पुगेका छन्। यस्ता करीब १६ लाख व्यक्ति तेस्रो देश पुग्ने गरेका छन्, जसमध्ये ३ देखि ३.५ लाख नफर्कनेगरी गएका छन्। यसबाहेक तराई एवं पश्चिम नेपालको तराई तथा पहाडबाट भारतमा ज्यालादारी काम गर्न जानेको सङ्ख्या पनि ठूलो छ। यो त समस्या हो तर किन यस्तो भइरहेको भन्नेतर्फ विचार गर्दा भारतलगायत देशमा भइरहेको पलायनलाई युवा पलायन, बौद्धिक पलायन र सम्भ्रान्त पलायन गरी तीन वर्गमा विभाजन गरी विश्लेषण गर्नुपर्ने हुन्छ।

युवा पलायनमा भारततर्फ जानेहरू अधिकांश कृषिकर्म वा होटल र सुरक्षागार्डजस्ता कार्य गर्छन्। खाडी मुलुक जाने यावाहरू पनि अदक्षस्तरकै काम गर्छन्। सन् १९९६–२०१२ सम्म जन्मेकाहरूलाई पश्चिमा समाज शास्त्रीहरूले जेनरेशन Z भनेर सम्बोधन गरेको पाइन्छ। यो वर्गको नेपालमैं जनसङ्ख्या ३४–३५ प्रतिशत रहेको छ र यिनीहरूमध्ये ५० प्रतिशत दैनिक ४ घण्टा सामाजिक सञ्जालमा अल्झिएको पाइन्छ। सामाजिक सञ्जलामा रहने गरेको कारण देश र दुनियाँमा भइरहेको विकास र जीवनशैलीको परिवर्तनबारे प्राप्त ज्ञान वा जानकारीको तुलना गर्दा देशमा बस्दा राम्रो जीवनशैली प्राप्त नहुने निर्णयमा पुगेर यिनीहरू ऋण लिएर तथा वैदेशिक रोजगारमा पाइने कष्ट सहेर पनि जान तयार हुन्छन्। अर्को शब्दमा आफ्नो देशको शासन र प्रशासनबाट जीवन उभो लाग्न नसक्ने देखेर कष्टप्रद निर्णयमा पुगेको पाइन्छ।

अब कुरा गरौं उच्च शिक्षा प्राप्त गर्न र स्वदेशमा उच्च शिक्षा प्राप्त गरी विदेशमा रोजगार खोज्न जानेहरूको। यस्तो वर्गमा वैज्ञानिक, प्राज्ञ, डाक्टर, इन्जिनीयर र व्यवस्थापकहरू पर्दछन्। नेपालमा काम गरेर उच्च शिक्षा प्राप्त गर्न असम्भवप्रायः छ। यसका साथै उच्च शिक्षा प्राप्त गरी रोजगार खोज्न जानेहरूलाई त्यहाँ सेवाको अवसर सहज उपलब्ध हुने व्यवस्थाका साथै आकर्षक एवं सोशल स्टाटस धान्ने पारिश्रमिक उपलब्ध छ। विकसित मुलुकहरूमा जनसङ्ख्या वृद्धिदर न्यून छ र उच्च शिक्षा हासिल गरेको जनशक्ति उत्पादन गर्न ठूलो धनराशि खर्च हुने भएकोले विकासशील वा अल्पविकिसत मुलुकले ठूलो धनराशि खर्च गरेर उत्पादन गरेको दक्ष वा उच्च दक्ष जाशक्तिलाई अवसर प्रदान गर्दा ठूलो राष्ट्रिय बचत हुने उनीहरूको धारणा छ। प्रतिव्यक्ति आय नै धेरै हुने भएकोले पारिश्रमिकको स्तर नि त्यति नै राम्रो छ।

जहाँसम्म अवसरको कुरा छ, नेपालमा २० वर्ष पहिलेकै दरबन्दीमा आजसम्म चिकित्सासेवाका साथै निजामती सेवा पनि प्रवाह भइरहेको छ। मानव संसाधन विकास र व्यवस्थापनको सोच अत्यन्तै नाजुक भएकोले कर्मचारीको तलब भत्तालगायत खर्च धान्न आन्तरिक राजस्वले नपुग्ने स्थितिमा प्रगतिको अपेक्षा निरर्थक हुन्छ। त्यसैगरी उद्योग एवं व्यवसाय क्षेत्रको कुरा गर्दा यो क्षेत्रसमेत सोही रोगबाट ग्रस्त छ। श्रम ऐन २०७४ लागू भएपछि सबभन्दा पहिले त तराई क्षत्रका सीमावर्ती उद्योगहरूमा भारतीय कामदारको सङ्ख्या करीब १ लाखको हाराहारीमा पुगेको अनुमान छ भने GEFONT ले सार्वजनिक गरेको लेबर अडिट रिपोर्ट अनुसार उद्योगीहरूमा सन् २०१८ मा ६४ प्रतिशत कामदार श्रम स्वीकृतिविना थिए भने २०२३ मा ८० प्रतिशत पुगेको छ। न्यूनतम तलब भुक्तानी गर्ने उद्योगहरूको सङ्ख्या २७.१२ प्रतिशतबाट घटेर १५.३ प्रतिशतमा झरेको छ। दशैं खर्च नदिन नसक्ने उद्योगहरूको सङ्ख्या पनि ११.८६ बाट घटेर ९.२१ प्रतिशत पुगेको छ। तर वार्षिक ग्रेडवृद्धि नदिने उद्योगहरूको सङ्ख्या १७ प्रतिशतबाट बढेर २८.६० प्रतिशत पुगेको छ र नियुक्तिपत्र जारी गर्ने उद्योगहरूको सङ्ख्या ६१ बाट झरेर ५७.१८ प्रतिशत पुगेको छ। तर ट्रेनी वा एपरेन्टिस राख्न पाइने व्यवस्था नयाँ श्रम ऐनमा भएकोले शून्यमा रहेको यो सङ्ख्या २०२३ मा १९.१५ प्रतिशत पुगेको छ।

यो सङ्गठित क्षेत्रको तथ्याङ्क हो। असङ्गठित क्षेत्रको अवस्था झन् कति कहालीलाग्दो होला ? नेपालमा श्रमिकहरूको उत्पादन क्षमता कम छ भन्ने आरोप लाग्ने गरेको सन्दर्भमा माथि उल्लिखित तथ्याङ्कका साथै राष्ट्र बैंकबाट जारी हुने आर्थिक सर्वेक्षणका अनुसार आर्थिक वर्ष २००४–०५ लाई आधार वर्ष मानेर जारी गरेको रिपोर्ट अुनसार वर्ष २०१९–२० देखि २०२४–२५ सम्मको पारिश्रमिक सूचाङ्क र उपभोक्ता मूल्य सूचाङ्क निम्न अनुसार रहेको उल्लेख छ–

| वर्ष | पारिश्रमिक सूचाङ्क | उ.मू.सूचाङ्क |
|---|---|---|
| २०१९–२० | ३०४.७० | ४६४.८ |
| २०२०–२१ | ३१५.६० | ४७२.८ |

यसबाट के स्पष्ट देखिन्छ भने नेपालमा दिइने तलब अत्यन्त अपर्याप्त छ। अर्को विडम्बना के पनि छ भने नेपाली उद्योगहरूमा पश्मीना, गारमेन्ट, बियरजस्ता केही उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा रहेको योगदान अहिले झरेर ४ प्रतिशत पुगेको छ। त्यसैले उद्योगहरू रुग्ण हुँदै गएका छन् र बन्द पनि हुँदैछन्।

यस्तो अवस्थामा आस र अपेक्षा लिएर युवा, सरकारी जागीरे र धनाढ्यहरू नेपालमा किन बसून् ? यी तथ्याङ्कहरूले के देखाउँछ भने सरकार स्वयं जनशक्ति विदेश पलायन होस् र बढीभन्दा बढी विप्रेषण आओस्, जसले गर्दा बढीभन्दा बढी आयात गरेर बढी राजस्व उठाउँदै सजिलै सरकार चलिरहोस् र अधिकांश युवा विदेशमा रहने भएकोले देशमा विरोध र प्रतिवाद पनि नहुने सिद्धान्त लिएर हिंडेको छ। तर यो देशका लागि अत्यन्त घातक नीति हो।

अब रोजगार बढाउने अर्को विकल्प वैदेशिक लगानी भित्र्याउनु हो। नेपालमा विस २०७३ मा १४ खर्बबाट घटबढ हुँदै २०७९–८० सम्म आइपुग्दा यो रकम करीब ६२ खर्बसम्म पुगेको छ तर वास्तविक लगानीको स्थिति हेर्दा अत्यन्त निराशाजनक छ। वस्तुतः सन् १९९५–९६ देखि २०२०–२२ सम्म जम्मा ४ खर्ब ११ अर्बको लगानी स्वीकृत भएकोमा कुल लगानी १ खर्ब ४५ अर्ब मात्र छ, जसको इक्विटी ५८.६ प्रतिशत छ भने बाँकी रिजर्भ फन्ड तथा ऋण रहेको छ। यो GDP को ०.४ प्रतिशत मात्र हो। त्यसैले यस क्षेत्रबाट पनि धेरै अपेक्षा राख्ने अवस्था छैन।

यस्तो दुःखद अवस्थाबाट निकासी कसरी पाउनेभन्दा हामीले सबैभन्दा बढी निर्यात गर्न सक्ने उत्पादन विद्युत् र एक मात्र विद्युत् हो। यसको निर्माणलाई प्राथमिकतामा राखेर बूढी गण्डकी, सेती र महाकालीलाई अगाडि बढाउनुको विकल्प छैन। त्यस्तै दोस्रोमा पेट्रोलियम र हाइड्रोजन परियोजना छन्। तेस्रोमा फलम र तामाखानीबाट उत्पादन शुरू गर्ने योजना पर्दछ। तर यसलाई उत्पादन गर्ने भनेर स्थापित भइसकेका आयात प्रतिस्थापन गर्ने उद्योगहरूलाई कसरी पूर्ण क्षमतामा सञ्चालन गरेर उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान १०–१५ प्रतिशत पुऱ्याउन सकिन्छ भन्ने कुरा निर्णय हुन जरुरी छ। तसर्थ आजको आवश्यकता भनेको देशको प्रबुद्ध समाज, अर्थशास्त्री, नागरिक अगुवा एवं उद्योगी व्यापारीले एक आपसमा संवाद गरी कसरी यो समस्याबाट छुटकारा पाउन सकिन्छ भन्ने निष्कर्षमा पुगी सांसद एवं सरकारलाई त्यस दिशामा हिंड्न लगाए मात्र देशको अर्थतन्त्रमा सुधार आउन सक्ने देखिन्छ।

# आउँदो तीन महीनासम्म देशको मौसम कस्तो रहला ?

काठमाडौं, २२ असोज/रासस

जल तथा मौसम विज्ञान विभागले यही असोज १५ देखि पुस १६ गतेसम्म (अक्टोबरदेखि डिसेम्बर २०२४)को अवधिको हावापानी आकलन सार्वजनिक गरेको छ।

विभागले सोमवार सार्वजनिक गरेको आकलन अनुसार कोशी, मधेस, बागमती, गण्डकी प्रदेशका दक्षिण–पूर्वी भूभाग र लुम्बिनी प्रदेशका पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने अनुमान गरेको छ। कर्णाली प्रदेशका मध्य तथा उत्तरी भाग र सुदुरपश्चिम प्रदेशका उत्तरी भागमा सरदरभन्दा कम वर्षा हुने र देशका बाँकी भागमा सरदर वर्षा हुने सम्भावना रहेको छ।

अधिकतम तापक्रम देशका अधिकांश भूभागमा सरदरभन्दा बढी हुने र न्यूनतम तापक्रम पनि देशभर सरदरभन्दा बढी हुने सम्भावना रहेको आकलन सार्वजनिक गरिएको विभागकी सूचना अधिकारी एवं मौसमविद् विभूति पोखरेलले जानकारी दिएकी छन्।

**वर्षाको आकलन**

कोशी, मधेस, बागमती, गण्डकी प्रदेशका दक्षिण–पूर्वी भाग र लुम्बिनी प्रदेशका पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जनाइएको छ।

कोशी प्रदेशको उत्तरी भाग, मधेस प्रदेशको पश्चिमी भाग र बागमती प्रदेशको पूर्वी तथा दक्षिणी भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ प्रतिशतदेखि ५५ प्रतिशत छ भने कोशी प्रदेशको दक्षिणी भूभाग, मधेस प्रदेशको पश्चिमी भाग, बागमती प्रदेशको उत्तर–पश्चिम भाग र गण्डकी प्रदेशको दक्षिण–पूर्वी भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत रहेको छ।

त्यसैगरी कर्णाली प्रदेशका मध्य तथा उत्तरी भाग र सुदूरपश्चिम प्रदेशका उत्तरी भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत र देशका बाँकी भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत नै रहेको विवरणमा उल्लेख छ।

**अधिकतम तथा न्यूनतम तापक्रम**

यस्तै देशका अधिकांश स्थानमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना छ। बागमती प्रदेशको मध्य तथा दक्षिणी भाग, मधेस प्रदेशको पश्चिमी भाग, गण्डकी प्रदेशको मध्य तथा पश्चिमी भाग, लुम्बिनी प्रदेशका मध्य तथा पूर्वी भाग र कर्णाली प्रदेशको पूर्वी तथा उत्तरी भागमा अधिकतम तापक्रमा सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ।

कोशी प्रदेशका मध्य भाग, मधेस प्रदेशका पूर्वी भाग र बागमती प्रदेशका उत्तरी भागमा अधिकतम तापक्रम सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ भने बाँकी भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ।

न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी हुने सम्भावना छ। सुदूरपश्चिम, कर्णाली प्रदेशका पश्चिमी भाग र लुम्बिनी प्रदेशका पश्चिमी भागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# चाडपर्वमा पोखराका होटेलमा ३० प्रतिशतसम्म छुट

गण्डकी, २२ असोज/रासस

पर्यटन राजधानी पोखराका होटेलमा विजयादशमी, दीपावली, छठलगायत चाडपर्वका अवसरमा ३० प्रतिशत छुट दिइने भएको छ ।

होटेल सङ्घ नेपाल पोखराद्वारा मङ्गलवार आयोजित पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले चाडपर्वलाई लक्षितगरी सङ्घ सदस्य अन्तर्गतका होटल प्रतिष्ठानमा बडादशैंदेखि तिहारसम्म प्रकाशित दररेट (आवासमा) मा पाहुनालाई ३० प्रतिशतसम्म छुटको घोषणा गरिएको जानकारी दिए । यस प्रकारको छुटबाट लाभान्वित हुन आन्तरिक पर्यटकलाई उनले अनुरोध गर े।

भ्रमण र पदयात्राका लागि पोखरा र सिङ्गो गण्डकी प्रदेश सबै मौसमका लागि उपयुक्त छ भन्ने मान्यता अनुरूप विगत केही वर्षदेखि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्दै आइएको उनले बताए । "पर्यटन क्षेत्रले भोग्दै आएका समस्या र चुनौतीहरूको सामना गर्दै यस क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा सङ्घको सत्प्रयास निरन्तर अगाडि बढिरहेको छ । यस छुट अभियानले आन्तरिक पर्यटनकहरूलाई आकर्षित गरी सो प्रयासमा उल्लेख्य टेवा पुग्ने अपेक्षा गरेका छौं," अध्यक्ष सुवेदीले भने ।

सङ्घका महासचिव राजेन ढकालले भूकम्प, नाकाबन्दी, कोभिड–१९ महामारी, हवाई दुर्घटनालगायत कारणले शिथिल भएको पर्यटन क्षेत्र हालैको वर्षापछिको बाढी, पहिरो तथा डुबानले थप प्रभावित भएको बताए । उनले केही दिन अघिको विपत्तिका कारण परेको असर हाल सामान्य बन्दै गएकामा ३० प्रतिशतसम्म छुटको कार्यान्वयनले त्यसलाई थप सहज बनाउँदै लग्ने अपेक्षा व्यक्त गरे ।

सङ्घका द्वितीय उपाध्यक्ष गणेशराज पहारीले पृथ्वी राजमार्गको पोखरा–मुग्लिन खण्डको स्तरोन्नति काम पनि धेरै हदसम्म अगाडि बढेको, राजमार्ग खुला अवस्थामा नै रहेको तथा पोखरा जोड्ने अन्य राजमार्गको अवस्थासमेत सुरक्षित नै रहेकाले पोखरा भ्रमणका लागि सबैलाई आह्वान गरे ।

पोखरामा रहेका होटेल क्षेत्रले १५ हजारजनाभन्दा बढीलाई रोजगार दिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।




ग्रीन सिटी सामुदायिक सेवा केन्द्रले कपडा बैंकको सहयोगमा मङ्गलवार आदर्शनगरमा निश्शुल्क कपडा वितरण गरेको छ । दशैं, तिहार र छठलाई लक्षित गरेर गरीब, दीनदुःखी, असहायहरूलाई निश्शुल्क कपडा वितरण गरिएको ग्रीन सिटीका अध्यक्ष जयप्रकाश खेतानले बताए । तस्वीरः सौजन्य


## जीराभवानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
सेढवा, पर्सा
मधेस प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीको लागि बोलपत्र आह्वानसम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८१/०६/२३ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र सार्वजनिक खरीद ऐन २०६३ को व्यवस्थाबमोजिम तपसिलमा उल्लिखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन गरी जीराभवानी गाउँपालिकाको तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०८०/८१ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सिनं | बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मूअकरबाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | 01/RIV/JRM/2081-082 | भलुवाही खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा उत्खनन र बिक्री) | ५,५८,८३५ घनफिट | २७,९४,१७५/– | कबोल अङ्कको ५ (पाँच) प्रतिशत | ३,०००/– |

शर्तहरूः

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुरबापत यस कार्यालयमा नगदै तिरेको वा एनआइसी एशिया बैंक, शाखा कार्यालय, जीराभवानी गाउँपालिकामा रहेको यस कार्यालयको खाता नं २३१२०५००२७९८४००२ मा नगद जम्मा गरेको नगद भौचरका साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तैपछि कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्रसम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अङ्कको ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एनआइसी एशिया बैंकमा रहेको धरौटी खाता नं २३१२०५००२७९८४००६ जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त 'क' वर्गको राष्ट्रिय बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्यादसहित जारी गरिएको बिड बन्ड सिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ ।

३. खरीद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरण भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइनेछैन । रीतपूर्वक पर्न आएका बोलपत्रसम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजका प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्रसम्बन्धी विस्तृत जानकारी बोलपत्रसम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र मूअकर दर्ता प्रमाणपत्रसमेत लिई कबोल अङ्कको प्रथम किस्ताबापत ५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत ५०प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८२ भदौ मसान्तसम्म म्यादसहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड)समेत पेश गरी पट्टा उठाउनुपर्नेछ तथा दोस्रो किस्ताको रकम चैत मसान्तसम्ममा बुझाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफू कबोल गरेको अङ्कको हुन आउने जम्मा रकमको नियम अनुसार थप १३ प्रतिशत मूअकर रकम र १.५ प्रतिशत अग्रिम आयकरबापतको रकमसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियम अनुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियम अनुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

८. उत्खनन क्षेत्रबाट नदीजन्य पदार्थ ढुवानी गर्ने मुख्य बाटो मरम्मतसम्भार गर्ने जिम्मेवारी स्वयम् पट्टा लिने ठेकेदारको हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


# काठमाडौं उपत्यकाबाट बाहिरियो मनसुन

काठमाडौं, २२ असोज/रासस

यस वर्षको मनसुन मङ्गलवार काठमाडौं उपत्यकाबाट पनि बाहिरिएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार यस वर्षको मनसुन कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका सम्पूर्ण भूभागका साथै काठमाडौं उपत्यकाबाट पनि बाहिरिएको छ ।

महाशाखाका अनुसार बाग्मती प्रदेशको पश्चिमी भूभाग र मधेस प्रदेशका पश्चिमी भूभागका थोरै स्थानबाट पनि मनसुन बहिर्गमन भएको छ ।

हाल कोशी प्रदेशलगायत मधेस प्रदेश र बाग्मती प्रदेशको पूर्वी भूभागमा मनसुनी वायुको प्रभाव रहेको महाशाखाका मौसमविद् रोजन लामिछानेले जानकारी दिए । यता गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशलगायत मधेस प्रदेश र बाग्मती प्रदेशका पश्चिमी भूभागमा पश्चिमी वायुको प्रभाव रहेको छ ।

आज कोशी प्रदेशमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा



रहने महाशाखाले जनाएको छ । आज कोशी प्रदेश र बाग्मती प्रदेशका एक/दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भएको पनि जनाइएको छ ।

नेपालको सुदूरपश्चिम प्रदेशलगायत कर्णाली प्रदेशका धेरै तथा लुम्बिनी प्रदेशको पश्चिमी भूभागका थोरै स्थानबाट असोज २० गते यस वर्षको मनसुन बहिर्गमन भएको थियो । यस वर्षको मनसुन गत जेठ २८ गते नेपालमा भित्रिएको थियो । यस वर्षको मनसुनले ठूलो जनधनको क्षति गराएको छ ।

**दुधौरा ...**

गरेको छ । जाम नहोस् भन्नाका लागि खटिएका ट्राफिक प्रहरी र नेपाल प्रहरीले ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनका चालकहरूलाई कारबाही नगर्दा त्यस्ता चालकहरूको मनोबल झनै बढ्ने गरेको पाइएको छ ।

महीनौं अघिदेखि डाइभर्सनमा भएका खाडलहरू अहिले सम्याएपछि सवारीसाधन चलाउन सहज भएको दैनिक वीरगंज–जनकपुर आवतजावत गर्ने यात्रुवाहक बस सौदागरका चालक शिव रेग्मी बताउँछन् । यस्तो सम्याउने काम खाल्डाखुल्डी हुने बित्तिकै गरिदिए गाडीमा टुटफुट नहुने, यात्रुहरूसमेत सुरक्षित हुने उनले बताए ।

यस अघि बेलैमा मर्मत, सुधार नगर्दा यो बेलिब्रिज झोलुङ्गे पुल जस्तै हल्लिने गर्थ्यो । त्यस बेला गाडी बेलिब्रिजमा टेकाउँदा निकै डर लाग्थ्यो । कतै बेलिब्रिजसँगै गाडी नै खोलामा झर्ने त होइन भनेर । अहिले मर्मत, सुधारपछि पहिले जस्तो हल्लिन छोडेको छ । तर बेलिब्रिजका फलामे पाताहरूमा भ्वाङ परेको वीरगंज–गौर चल्ने यात्रुवाहक बसका चालक मनोज विश्वकर्माले भने ।

अति व्यस्त राजमार्गका सडकहरूमा साना–ठूला खाल्डाखुल्डीका कारण पनि दुर्घटना बढ्न थालेपछि यसतर्फ राजमार्ग सुरक्षा ट्राफिक व्यवस्थापन मधेस प्रदेश कार्यालय, पथलैया, जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ र सडक डिभिजन कार्यालय हेटौंडाको ध्यान जान सकेको छैन । राजमार्गका सडकहरूका ठाउँठाउँमा ट्राफिक नियम उल्लङ्घन गरेबापत जरिवाना काट्न मस्त र व्यस्त रहने बाराका ट्राफिक प्रहरीहरूले सम्बन्धित सडक डिभिजन कार्यालयसँग सडकहरूका खाडल पुर्ने कार्य गराउन ध्यानाकर्षण नगराएको चालकहरूको गुनासो छ ।

यता दशैं, तिहार, छठ जस्ता चाडपर्वमा सवारीसाधनहरूको चाप अन्य समयको तुलनामा अत्यधिक हुने भएकोले बाढीले बगाएको दुधौरा खोलाको डाइभर्सन बनाउन, बेलिब्रिजमा हुने चापलाई घटाउन र सवारीसाधन जाम हुन नदिनेतर्फ सम्बन्धित निकायहरूलाई आग्रह, समन्वय गर्दै आफू लागिपरि रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढका प्रमुख एवं ट्राफिक प्रहरी निरीक्षक नीरु दुवालले बताइन् । सडकहरूमा परेका खाडलहरूलाई समेत मर्मत, सुधार गर्न सडक डिभिजन कार्यालयलाई आग्रह गर्दै आइरहेको उनले भनिन् ।

दुधौरा पुलका तीनवटा पिलरमध्ये पूर्वतर्फको पहिलो पिलर २०७० असार २६ गते राति भासिएको थियो । त्यसको केही वर्ष नबित्दै अर्को पिलर भासिएपछि पुरानो पुलको संरचनालाई पूर्णरूपमा हटाइ २०७४ सालमा दुधौरा नदीमा नयाँ पुल निर्माण गर्न महादेव/खिम्ती/हिराचन जेभी काठमाडौंले तीन वर्षभित्र काम सम्पन्न गर्नेगरी ठेक्का सकार गरेको थियो । सरकार र ठेकेदार कम्पनीको चरम लापरवाहीका कारण २०७७ सालमा निर्माण सम्पन्न भई सक्नुपर्ने पुल अहिले २०८१ असोज महीना बित्न लाग्दासम्म पुल निर्माण सम्पन्न भएको छैन ।

ठेकेदार कम्पनीलाई पर्याप्त समय हुँदाहुँदै पनि तोकिएको समयमा काम सम्पन्न नगरेको पुल सेक्टर काठमाडौंका इन्जिनीयर नितेश झाको भनाइ रहे पनि सरकारले समयमा भुक्तानी नगर्दा ठेकेदार कम्पनीले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेको पुल निर्माण ठेकेदार कम्पनीका इन्जिनीयर अजय झाले बताए ।

ठेकेदार कम्पनीले १९.६० मिटर चौडाइको चार लेन, दुई स्पान, ९० मिटर लम्बाइको दुधौरा पुल निर्माण सम्पन्न गर्न मूअकरबाहेक १५ करोड २२ लाखमा ठेक्का साकार गरेको पुल विभाग महाशाखा काठमाडौंले जनाएको छ ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, २२ असोज/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २७ दशमलव ३९ अङ्कले ओरालो लागेर दुई हजार ६६३ दशमलव ३२ मा सीमित भएको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ५५ अङ्कले ओरालो लागेर ४८० दशमलव २३ मा सीमित भएको छ । कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कुल एक करोड तीन लाख ३० हजार ५०२ कित्ता शेयर रु चार अर्ब ५९ करोड ३७ लाख २७ हजार २४४ मूल्यमा खरीद–बिक्री भएका छन् ।

नेप्सेका अनुसार मिड सोलु हाइड्रोपावर १०, बुटवल पावर कम्पनी छ दशमलव ८३, माण्डु हाइड्रोपावर छ दशमलव ३१, प्रभु स्मार्ट फन्ड पाँच दशमलव ९६ र श्री स्टार हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ४४ प्रतिशतले कमाएका छन् ।

इस्टर्न हाइड्रोपावर आठ दशमलव ५०, बुद्धभूमि नेपाल हाइड्रोपावर सात दशमलव २४, नेपाल फाइनान्स छ दशमलव ९८, बोटलर्स नेपाल तराई पाँच दशमलव ८८ र कालीञ्चोक दर्शनका लगानीकर्ताले पाँच दशमलव ५० प्रतिशतले गुमाएका छन् ।

# नेपालमा अकुपञ्चरको अवस्था: सम्भावना र चुनौतीहरू

विचार



डा नरेन्द्र लामिछाने

**नेपालमा अकुपञ्चर पद्धतिको प्रयोगको इतिहास लामो नभए पनि पछिल्ला दुई/तीन दशकमा यसको लोकप्रियता उल्लेखनीयरूपमा बढेको छ। यो चिकित्सा विधि चीनसँगको सांस्कृतिक, शैक्षिक र स्वास्थ्य सम्बन्धको परिणामस्वरूप नेपालमा प्रवेश गरेको मानिन्छ।**

नेपालमा परम्परागत चिकित्सा प्रणालीको लामो इतिहास छ, जसमा आयुर्वेद, युनानी, होमियोपेथी, सोवारिग्पा र अन्य प्राकृतिक उपचार विधिहरूले विशेष स्थान ओगटेका छन्। यी उपचार पद्धतिहरूलाई सयौं शताब्दीदेखि अपनाउँदै आइएको छ र तिनले स्वास्थ्य समस्याहरूको उपचारमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। आयुर्वेदको विकास त नेपालको सांस्कृतिक र भौगोलिक विविधतामा आधारित जडीबुटीहरूको प्रयोगमा गरिएको छ, जसले धेरै परम्परागत औषधि निर्माण गर्न सहयोग पुऱ्याएको छ।

युनानी चिकित्सा पनि प्राचीन समयमा मुस्लिम समुदायमार्फत नेपालमा प्रवेश गरेको थियो र विभिन्न स्वास्थ्य समस्याहरूको समाधानका लागि लोकप्रिय रह्यो। तर पछिल्लो समय नेपालमा आधुनिक चिकित्सा प्रणालीको प्रभाव बढ्दो छ। यसले गर्दा परम्परागत चिकित्सा पद्धतिहरूमा पनि परिवर्तन आवश्यक रहेको छ। पछिल्लो केही वर्षमा अकुपञ्चर चिकित्सा विधिको लोकप्रियता बढ्दो छ। यस पद्धतिको प्रयोग विशेषगरी शहरी क्षेत्रहरूमा बढी देखिएको छ, जहाँ आधुनिक चिकित्सा प्रणालीका साथै वैकल्पिक चिकित्सा विधि फिजियोथेरापी, मालिस जस्तैको खोजी हुने गर्छ। स्वास्थ्य क्षेत्रमा नवीन दृष्टिकोण अपनाउँदै, केही नेपाली चिकित्सक र स्वास्थ्यकर्मीले अकुपञ्चरको उपयोगिता र प्रभावकारितामा गहन अध्ययन गर्न थालेका छन्। अकुपञ्चरले विनाऔषधि दुखाइको उपचार गर्न सक्ने भएकोले यसले लामो समयसम्म औषधि सेवन गर्दा उत्पन्न हुने नकारात्मक प्रभावहरूबाट जोगाउन सक्ने मान्यता छ।

झन्डै दुई हजार वर्ष पुरानो उपचार विधि हो अकुपञ्चर। यसमा शरीरका विभिन्न 'मेरिडियन' भनिने ऊर्जा च्यानलहरूमा सुईहरूको प्रयोग गरी स्वास्थ्य समस्याहरूको उपचार गरिन्छ। चिनियाँ चिकित्सा सिद्धान्त अनुसार जब शरीरमा 'चि' भनिने ऊर्जा प्रवाहमा असन्तुलन हुन्छ, तब विभिन्न रोग र स्वास्थ्य समस्या उत्पन्न हुन्छन्। अकुपञ्चरले यी च्यानलहरूमा सुई राखेर असन्तुलनलाई सुधार्न र शरीरको प्राकृतिक उपचार क्षमतालाई मजबूत बनाउन मदत गर्छ।

यो विधिले नसासम्बन्धी रोग, शारीरिक दुखाइ, तनाव, पाचन समस्या, निद्रा समस्या, माइग्रेन, थाइराइड, हर्मोनल असन्तुलन, मोटोपन, अनुहारसम्बन्धी रोग र अन्य रोगमा सकारात्मक प्रभाव पारेको छ। विशेषगरी तनाव र दुखाइ व्यवस्थापनमा अकुपञ्चरले उल्लेखनीय नतीजा देखाएको छ, जसले गर्दा यो चिकित्सा पद्धति पछिल्ला वर्षहरूमा विश्वभर लोकप्रिय हुँदै गएको छ। अकुपञ्चरले विनाऔषधि नै शरीरको प्राकृतिक उपचार प्रक्रियाहरूलाई सक्रिय बनाउँछ। यसले गर्दा प्रयोग गर्ने मानिसहरूमा दीर्घकालीन औषधिको आवश्यकतालाई घटाउने सम्भावना हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनले अकुपञ्चरको महत्त्वलाई औंल्याउँदै १०० भन्दा बढी रोगको उपचारमा यस पद्धतिको प्रभावकारिता प्रमाणित गरेको छ। सङ्गठनको मान्यता र अनुसन्धानले गर्दा विश्वभरका मुलुकहरूमा यस पद्धतिलाई व्यापकरूपमा वैकल्पिक चिकित्सा विधि भनेर अभ्यास गरिन थालिएको छ। चीन अकुपञ्चरको उद्गमस्थल हो र यहाँ सबैभन्दा व्यापकरूपमा प्रयोग गरिन्छ। जापानमा 'हरिगेट्सु' विधिबाट फरक तरीकाले अकुपञ्चर गरिन्छ, जबकि दक्षिण कोरियामा परम्परागत र आधुनिक चिकित्सा पद्धतिको मिश्रणमा यसको लोकप्रियता बढ्दै गएको छ।

यसैगरी, संयुक्त राज्य अमेरिकामा दुखाइ र तनाव व्यवस्थापनमा यसको प्रयोग बढिरहेको छ र क्यानडामा यसलाई स्वास्थ्य बीमामा समेत समावेश गरिएको छ। अस्ट्रेलियामा यो विशेषगरी दीर्घकालीन रोग र दुखाइ उपचारमा लोकप्रिय छ। जर्मनीमा अकुपञ्चरलाई बीमा कभरेजसहित आधुनिक चिकित्सा पद्धतिमा समावेश गरिएको छ भने ब्रिटेनमा राष्ट्रिय स्वास्थ्य सेवाले यसलाई वैकल्पिक उपचार विधिका रूपमा मान्यता दिएको छ।

फ्रान्समा अकुपञ्चरलाई औपचारिक चिकित्सा विधिका रूपमा मान्यताप्राप्त छ र स्वीडेनमा तनाव व्यवस्थापन तथा दीर्घकालीन रोगहरूको उपचारमा यसको व्यापक प्रयोग गरिन्छ। भारतमा पनि अकुपञ्चरको प्रयोग वैकल्पिक चिकित्सा विधिका रूपमा बढ्दो छ र नेपालमा पछिल्ला वर्षहरूमा यो विधि शहरी र ग्रामीण दुवै क्षेत्रमा लोकप्रिय हुँदै गइरहेको छ।

त्यस्तै, एशियाली मुलुक मलेशिया, थाइल्यान्ड, भियतनाम, सिङ्गापुरजस्ता देशमा अझै अकुपञ्चरको लोकप्रियता लोभलाग्दो छ। साथै वैज्ञानिक र चिकित्सा अनुसन्धानहरूले अकुपञ्चरको प्रभावकारिता र यथार्थतामा गहिरो अनुसन्धान गर्न थालिसकेका छन्। विभिन्न विश्वप्रख्यात जर्नल जस्तै ल्यान्सेट, नेचर, शेलमा अकुपञ्चरसम्बन्धी अनुसन्धान प्रकाशित भएका पाइन्छन्। यो विधि स्वास्थ्य समस्याहरूको उपचारमा मात्र सीमित नरहेर रोगहरूको रोकथाम र समग्र स्वास्थ्यमा सुधार ल्याउन पनि उपयोगी साबित भएको छ। यसको उपयोगबाट मानिसहरूले शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्यमा सुधारको अनुभव गर्छन्।

नेपालमा अकुपञ्चर पद्धतिको प्रयोगको इतिहास लामो नभए पनि पछिल्ला दुई/तीन दशकमा यसको लोकप्रियता उल्लेखनीयरूपमा बढेको छ। यो चिकित्सा विधि चीनसँगको सांस्कृतिक, शैक्षिक र स्वास्थ्य सम्बन्धको परिणामस्वरूप नेपालमा प्रवेश गरेको मानिन्छ। अझै भैगोलिक विकासको रूपमा मुख्य गरेर अरनिको राजमार्ग बन्ने समयमा नेपालमा भित्रिएको दस्तावेज पाइन्छ। सन् १९८० को दशकमा वीर हस्पिटलमा अकुपञ्चरको शाखा नै खुलेर १७ वर्ष चलेको इतिहास छ। प्रारम्भमा सीमित स्थानहरूमा मात्र अकुपञ्चर सेवा उपलब्ध भएपनि अहिले यो सेवा नेपालका प्रमुख शहरहरूमा सहजरूपमा पाइन्छ। अझै सबैभन्दा पुरानो र ठूलो वैकल्पिक चिकित्सालय नरदेवी चिकित्सालयमा यसको उपयोगिता व्यापकरूपमा छ। पछिल्लो समय धेरै स्वास्थ्य संस्था, अस्पताल र व्यक्तिगत क्लिनिकहरूले अकुपञ्चरलाई उपचारको एक विकल्पका रूपमा समावेश गरेका छन्। न्युरोसम्बन्धी नेपालको प्रमुख हस्पिटल अन्नपूर्ण न्युरोमा आइसियूदेखि नै अकुपञ्चर प्रयोग गरिन्छ भन्दा नौलो पनि लाग्न सक्छ।

नेपालमा अकुपञ्चरको विस्तारलाई चिकित्सा पर्यटनसँग पनि जोडेर हेर्न सकिन्छ। सन् २००० को दशकदेखि नेपालमा आउने विदेशी पर्यटकलाई लक्षित गर्दै अकुपञ्चर सेवा प्रदान गर्न थालिएको थियो। नेपालको प्राकृतिक सौन्दर्य, हिमाली वातावरण र योग तथा ध्यानको प्राचीन परम्पराले गर्दा नेपाल शारीरिक र मानसिक उपचारका लागि आकर्षक गन्तव्य बनिरहेको छ। पर्यावरणीय शान्ति र आध्यात्मिकता खोज्ने पर्यटकहरूले अकुपञ्चरलाई आफ्नो शारीरिक र मानसिक स्वास्थ्य सुधारका लागि उत्कृष्ट विकल्पका रूपमा देख्न थालेका छन्। अकुपञ्चरलाई ध्यान, योग र प्राकृतिक उपचार विधिहरूसँग एकीकृत गरेर थेरापी दिन थालेपछि यसको प्रभावकारिता र लोकप्रियता झन् बढ्दै गएको छ। एकजना ब्रजीलका पर्यटकले परम्परागत भारतीय चिकित्सा आयुर्वेद र चिनियाँ चिकित्साको एकैचोटि अनुभव लिनको लागि नेपाल आएको सुन्दा त पर्यटन क्षेत्रमा अकुपञ्चरको विकास हुन अझ धेरै बाँकी रहेको भान हुन्छ।

नेपालमा अकुपञ्चरले विभिन्न स्वास्थ्य समस्यामा राम्रो परिणाम दिएको छ। विशेषगरी ग्रामीण र शहरी दुवै क्षेत्रमा यसको पहुँचले गर्दा धेरै नेपाली जनतालाई प्राकृतिक उपचार पद्धतिहरूमा पुनः आकर्षित गरेको छ। चीनमा अध्ययन गरेर फर्किएका नेपाली चिकित्सकहरूले अकुपञ्चरलाई नेपाली स्वास्थ्य प्रणालीमा समावेश गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् तर हालसम्म सरकारी तवरबाट धेरै चासोको विषय नबनेको देखिन्छ।

अकुपञ्चरको प्रभावकारिता विभिन्न प्रकारका स्वास्थ्य समस्याहरूको उपचारमा प्रमाणित भइसकेको छ। अनुसन्धानहरूले देखाएको छ कि अकुपञ्चरले विशेषगरी दुखाइ व्यवस्थापन, तनाव र मानसिक स्वास्थ्य समस्याहरू, निद्राको समस्या, पाचनसम्बन्धी विकारहरू र प्रजनन स्वास्थ्यमा सकारात्मक असर पार्न सक्छ। दुखाइ व्यवस्थापनमा अकुपञ्चरले शरीरमा प्राकृतिक पीडा निवारण गर्ने एन्डोरफिन्सको उत्पादनलाई प्रवर्द्धन गर्छ। मांसपेशी र स्नायुहरूको रक्तप्रवाह सुधार गरेर यसले लामो समयदेखिको पुरानो दुखाइ, खासगरी घुँडा, ढाड–कम्मरको दुखाइ र माइग्रेनको उपचारमा सहयोग पुऱ्याउँछ।

त्यस्तै, मानसिक स्वास्थ्य समस्याहरूमा अकुपञ्चरले तनाव र चिन्ता घटाउन मदत गर्छ, जसले निद्राको गुणस्तरलाई सुधार्न प्रभावकारी देखिन्छ। त्यसैगरी, प्रजनन स्वास्थ्य सुधार गर्न र महिलाहरूमा मासिक धर्मसम्बन्धी समस्यालाई व्यवस्थापन गर्न पनि अकुपञ्चर प्रभावकारी छ। विशेषगरी बच्चा जन्माउन चाहने महिलामा यसको प्रयोग बढ्दो छ। यसको प्रभावकारिता प्रमाणित भएपछि यो पश्चिमी देशहरूमा पनि लोकप्रिय बनेको छ र पारम्परिक औषधिको कुनै असरविना दीर्घकालीन समस्याहरूको समाधान दिन सक्छ भन्ने विश्वासले यसको लोकप्रियता अझै बढ्दै गएको छ।

साथै प्रसिद्ध व्यक्तिहरूले अकुपञ्चरको प्रयोग गरेपछि आफ्नो अनुभव व्यक्त गर्न थालेपछि यसको विश्वसनीयता र पहुँच पनि बढेको छ। विभिन्न अस्पताल र स्वास्थ्य केन्द्रहरूले अकुपञ्चर सेवा उपलब्ध गराउन थालेपछि यो सहजरूपमा पहुँचयोग्य बनेको छ, जसले यसको लोकप्रियतालाई थप बल प्रदान गरेको छ।

नेपालमा अकुपञ्चर सेवाको विकाससँगै औपचारिक शिक्षा र प्रशिक्षणमा देखा परेका प्रमुख समस्यामध्ये एक भनेको देशभित्र अकुपञ्चर शिक्षाका लागि कुनै विशेष कलेज वा विश्वविद्यालयको अभाव हो। विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा दिनका लागि आवश्यक पूर्वाधार र पाठ्यक्रम विकास नहुनु ठूलो चुनौती बनेको छ। अकुपञ्चर अभ्यासका लागि औपचारिक शिक्षाको मान्यता नहुनाका कारण धेरै नेपाली विद्यार्थीले चीन, दक्षिण कोरिया र जापानजस्ता मुलुकहरूमा गएर अध्ययन गर्नुपरेको छ, जसले आर्थिक र सांस्कृतिक चुनौती थप्छ।

विदेशमा शिक्षा प्राप्त गरेर फर्किएका विशेषज्ञहरूको प्रमाणीकरण प्रक्रिया भने अझै अस्पष्ट र जटिल रहेको छ। विदेशमा अध्ययन गरेका चिकित्सकहरूले नेपालमा दर्ता गराउन र लाइसेन्स प्राप्त गर्न लामो समयसम्म प्रक्रियामा अड्किनुपर्ने हुन्छ। प्रमाणीकरणका क्रममा उनीहरूको योग्यता र दक्षतालाई ठोसरूपमा मूल्याङ्कन गर्ने प्रक्रिया स्पष्ट नभएकाले यो क्षेत्र व्यवस्थित हुन सकेको छैन। यसले अकुपञ्चर अभ्यास गर्ने योग्यतावान् चिकित्सकहरूको प्रभावकारी सेवा प्रदान गर्नमा अवरोध खडा गरेको छ।

यहाँको स्वास्थ्य मन्त्रालय र सम्बन्धित निकायहरूले अकुपञ्चरलाई व्यवस्थित गर्नका लागि ठोस मापदण्ड निर्माण गर्न आवश्यक छ। विदेशमा अध्ययन गरेर फर्किएका चिकित्सकहरूको योग्यता र अनुभवलाई मान्यता दिने सरल, छिटो र विश्वसनीय प्रक्रिया विकास गर्नु जरुरी देखिन्छ। यसले नीतिगत स्पष्टता ल्याएर अकुपञ्चरको गुणस्तरीय अभ्यासलाई प्रोत्साहन गर्नेछ र यो पद्धतिलाई संस्थागतरूपमा अगाडि बढाउन सहयोग पुऱ्याउनेछ। साथै आन्तरिकरूपमा शिक्षा प्राप्त गर्ने कार्यक्रमहरूको विकास गर्नसमेत प्राथमिकता दिइनुपर्नेछ, जसले नेपालभित्रै दक्ष जनशक्ति उत्पादनमा योगदान पुऱ्याउन सक्छ।

हालसम्म अकुपञ्चर अभ्यासलाई कानूनीरूपमा मान्यता दिने कुनै विशेष ऐन वा नियमावलीको अभावले यस पद्धतिका गुणस्तर र पारदर्शितामा विभिन्न चुनौती देखा परेका छन्। कानूनी संरचनाको अभावले गर्दा अकुपञ्चर सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाहरूको प्रमाणीकरण, योग्यता मापदण्ड र सेवाको गुणस्तर सुनिश्चित गर्न समस्या परेको छ। कानूनी आधारविना यो पद्धतिको दुरुपयोगको सम्भावना रहन्छ, जसले सेवाग्राहीहरूलाई ठगी र त्रुटिपूर्ण उपचारको जोखिममा पार्न सक्छ।

अकुपञ्चरलाई चिकित्सा सेवाका रूपमा कानूनी मान्यता दिनु अत्यावश्यक भइसकेको छ। कानूनी संरचनाले मात्र अकुपञ्चरको औपचारिकता र विश्वसनीयता सुनिश्चित गर्न सक्छ। यसले अभ्यास गर्ने विशेषज्ञहरूको योग्यता, दर्ता र लाइसेन्सिङ प्रक्रियालाई पारदर्शी र सङ्गठित बनाउँछ, जसले अकुपञ्चर सेवाको गुणस्तर बढाउन र सर्वसाधारणमा यसको लोकप्रियता फैलाउन सहयोग पुऱ्याउनेछ।

स्वास्थ्य मन्त्रालयले आयुर्वेद, होमियोपेथी र अन्य वैकल्पिक चिकित्सा विधिहरूसँगै अकुपञ्चरलाई पनि समान तहमा राखेर नीतिगत सुधार गर्नुपर्ने देखिन्छ। यसका लागि एकीकृत शिक्षा, अभ्यास र अनुसन्धानको संरचना तयार पार्न जरुरी छ। अकुपञ्चरलाई वैकल्पिक चिकित्सा प्रणालीमा आधिकारिकरूपमा समावेश गरिएमा यस विधिको अनुसन्धानलाई प्रोत्साहन दिने, विशेषज्ञहरूको प्रशिक्षणलाई सुव्यवस्थित गर्ने र जनमानसलाई गुणस्तरीय सेवा उपलब्ध गराउने अवसर मिल्नेछ।

अकुपञ्चरप्रति सर्वसाधारणमा अझै पनि केही हदसम्म गलत धारणाहरू देखिन्छन्। धेरैजसोले यसलाई केवल परम्परागत वा धार्मिक उपचारका रूपमा मात्र हेर्ने गरेका छन्। यसले गर्दा यसको वास्तविक विज्ञानमा आधारित पक्ष र प्रमाणित प्रभावकारितालाई नजरअन्दाज गरिएको छ। कतिपय मानिसहरू अकुपञ्चरलाई वैज्ञानिकरूपमा प्रमाणित नभएको र वैकल्पिक उपचारका रूपमा मात्र लिने प्रवृत्ति देखिन्छ तर पछिल्ला वर्षहरूमा विश्वभरिका अध्ययनहरूले अकुपञ्चरको वैज्ञानिक आधार पुष्टि गर्दै आएका छन्, विशेष गरी पीडा

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

### ऊनी कपडालाई धुने र सुकाउने उपाय

जाडोको मौसम शुरू हुने बित्तिकै ऊनी कपडा निकाल्न थाल्छौं। भनिन्छ, ऊनी कपडालाई चाँडै धोयौं भने यो बिग्रिन्छ र यसको गर्माहट निस्किन्छ। यस



कारण धेरैजसोले ऊनी कपडा हप्तौंसम्म धुँदैनन् र पटकपटक लगाउने गर्छन्। जाडोमा ऊनीको कपडा चाँडै फोहर हुँदैन र यसलाई चाँडै धुनुहुँदैन भन्ने सोच्नुहुन्छ भने गलत हो। ऊनी कपडालाई पनि गर्मीको कपडासरह नै सुकाउने र धुनुपर्छ। यद्यपि ऊनी कपडालाई धुन र सुकाउनमा ९० प्रतिशतले गलत गर्छन्, जसले गर्दा ऊनी कपडा खुकुलो हुन पुग्छ, रङ उड्छ र कपडा खुम्चिन पनि सक्छ। साधारणतया बच्चाको ऊनी कपडालाई सातामा दुई/तीन पटक धुन्छौं, जसले गर्दा ऊनी कपडाको साइज र सही रङ हराउँछ।

दिल्लीको ड्राई क्लिनिङ स्टार्टअप वाशक्राफ्टकी फाउन्डर शिल्पी गुप्ता भन्छिन्, ऊनी कपडालाई धुँदा ध्यान राख्नुपर्छ। तर गलती भनेको सुकाउने बेला हुने गर्छ। उनी कपडालाई घरमैं सुकाउनुपर्छ। ऊनी कपडालाई धुँदा सामान्य डिटर्जेन्टको सट्टा तरल डिटर्जेन्टको प्रयोग गर्नुपर्छ। वाशिङ मेशिनमा अथवा हातले धोएर धुनुपर्छ। ऊनी कपडालाई सामान्य कपडासँगै वाशिङ मेशीनमा राख्नुहुँदैन र मेशीनलाई स्ट्रङको सट्टा स्टयान्डर्ड मोडमा राख्नुपर्छ।

शिल्पी भन्छिन्, ऊनी कपडालाई धोएर सुकाउने समयमा तीनवटा गलती नगरौं। कपडालाई निचोरेर सुकाउनुहुँदैन, यसबाट ऊनी कपडाको तलपट्टि पानी जम्मा हुन्छ र उनी कपडा लत्रिन्छ, तन्किन्छ र आकार ठूलो हुन्छ र लगाउँदा भद्दा देखिन्छ।

ऊनी कपडालाई सीधैं घाममा सुकाउदा उल्टो पारेर सुकाउनुपर्छ। घाममा दुई घण्टाभन्दा बढी समयसम्म सुकाउनुहुँदैन। किनभने यसबाट रङ फिक्का हुन सक्छ र कपडा बिग्रिन्छ।

ऊनी कपडालाई निचोर्न कठिन हुन्छ। जाडोमा चाँडै कपडा नसुक्ने हुँदा वाशिङ मेशीनमा फूल ड्राई गर्छौं। यसबाट ऊनी कपडा खराब हुन्छ। ऊनी कपडालाई माइल्ड ड्राई गर्नुपर्छ। ड्रायर प्वाइन्ट तीनभन्दा बढी बढाउनुहुँदैन, नत्र कपडा खुम्चिन्छ, तन्किन पनि सक्छ र खराब हुन्छ।

### बच्चाले पढेको बिर्सिन्छ ?

बालबालिकाहरू पढेपछि पटकपटक बिर्सिनु सामान्य समस्या भएपनि यसले पछि ठूलो असर गर्न सक्छ। उनीहरूको दिमागले पढेका कुरा याद राख्न नसक्दा



परीक्षामा निकै समस्या हुन्छ। ससाना बच्चाहरूमा पढाइको निकै दबाब हुन्छ, जसले गर्दा उनीहरूको स्मरण पनि कमजोर हुन सक्छ। तसर्थ बालबालिकाहरूलाई यस्तो खानेकुरा खुवाउनुपर्छ, जसले उनीहरूको स्मरणशक्ति बढाउन सकोस्।

**बोसोयुक्त माछाः** सैल्मन, मैकेरल र सार्डिनजस्ता ओमेगा ३ फैटी एसिडले भरिपूर्ण माछा बालबालिकालाई खुवाउँदा उनीहरूको मस्तिष्कको स्वास्थ्य र स्मरणशक्तिमा निकै फाइदा हुन्छ।

**नट्स र सिड्सः** बदाम, ओखर, आलसस्थित ओमेगा ३ फैटी एसिडबाट एन्टिअक्सिडेन्ट र भिटामिन 'ए'जस्ता पोषक तत्त्व पाइन्छन्, जुन मस्तिष्कको स्वास्थ्यको लागि निकै फाइदा हो।

**सागपातः** पालक, केरा र ब्रोकली जस्ता गहिरो रङ्गका सागपात र तरकारीमा एन्टिअक्सिडेन्ट, भिटामिन र मिनरल भरिपूर्ण हुन्छन्, जसबाट स्मरणशक्ति बढ्छ।

**डार्क चकलेटः** डार्क चकलेट बच्चाहरूले निकै मन पराउँछन्। यसमा पनि एन्टिअक्सिडेन्ट, कैफिन र एनर्जी बुस्ट गर्ने तत्त्वहरू हुन्छन्, यसले बालबालिकामा एकाग्रता क्षमता बढाउँछ। यसको सेवन कम मात्रामा गराउनुपर्छ।

**साबुत अन्नः** साबुन अन्न जस्तै ब्राउन राइस, गहुँको पाउरोडीले क्विनोआ ग्लुकोजको कमी पूरा गर्छ र शरीर ऊर्जावान बनाउँछ। यसबाट पनि एकाग्रता क्षमता राम्रो हुन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

### लसुनबाट निमोनियाको उपचार



- पिसेको लसुनमा समान मात्रामा कागतीको रस र मह मिलाउनुपर्छ।
- दिनमा तीन/चार पटक, दुई/तीन चम्चा यसको मिश्रण सेवन गर्नुपर्छ।
- छातीमा लसुनको रस वा पेस्ट मल्दा पनि आराम हुन्छ।

# अन्तर्राष्ट्रिय समाचार

## बोलिभियादेखि इन्डोनेशियासम्म तीव्र गतिमा वनविनाश जारी

पेरिस, २२ असोज/एएफपी

सन् २०३० सम्म वनविनाश अन्त्य गर्ने प्रतिबद्धताभन्दा धेरै बढी दरमा गत वर्ष वनविनाश जारी रहेको मङ्गलवार प्रकाशित एउटा प्रमुख अध्ययनमा उल्लेख छ ।



दुई दर्जन अनुसन्धान संस्था, गैरसरकारी संस्था र वकालत समूहहरूका अनुसार सन् २०२३ मा करीब आयरल्यान्डको आकारको वन नष्ट भयो र यसमा ६३ लाख ७० हजार हेक्टर रूख काटिए वा जलाइए ।

संसारलाई दशकको अन्त्यसम्म वनविनाश अन्त्य गर्ने मार्गमा राख्न सन् २०२१ मा १४० भन्दा बढी नेताहरूले गरेका प्रतिबद्धतामा यो 'उल्लेखनीयरूपमा बढी' थियो ।

वनहरू विश्वका ८० प्रतिशत स्थल–वनस्पति र जनावर प्रजातिहरूका घर हुन् र जल–चक्र नियमन गर्ने तथा विश्व तापक्रमका लागि जिम्मेवार प्रमुख हरितगृह ग्याँस कार्बन डाइअक्साइड सोस्ने महत्त्वपूर्ण माध्यम हुन् ।

"विश्वव्यापीरूपमा दशकको प्रारम्भदेखि वनविनाश सुधारिएको छैन, बरु बिग्रिएको छ"–क्लाइमेट फोकसका जैविक विविधता र भूमि उपयोग परामर्शदाता तथा 'वन घोषणा मूल्याङ्कन' प्रतिवेदनका प्रमुख लेखक इभान पाल्मेगियानीले भने–"हामी वनविनाश अन्त्य गर्ने महत्त्वपूर्ण विश्वव्यापी समयसीमाबाट मात्र छ वर्ष टाढा छौं र वनहरू अझै चिन्ताजनक दरमा काटिँदै, क्षीण हुँदै र जलाइँदैछन् ।"

सन् २०२३ मा ३७ लाख हेक्टर उष्णकटिबन्धीय प्राथमिक वन, विशेषगरी कार्बन समृद्ध र पारिस्थितिकीयरूपमा जैविक विविधतायुक्त वातावरण नष्ट भयो । सन् २०३० को लक्ष्य पूरा गर्न यस्तो कार्य उल्लेख्यरूपमा घट्नुपर्ने थियो ।

### सोया र निकेल

उच्च जोखिमयुक्त क्षेत्रहरूमा अनुसन्धानकर्ताहरूले बोलिभिया र इन्डोनेशियालाई पछाडि फर्कन सङ्केत गरेका छन् । प्रतिवेदनले बोलिभियामा वनविनाशमा 'चिन्ताजनक वृद्धि' भएको बताएको छ । यहाँ सन् २०१५ र सन् २०२३ को बीचमा वनविनाश ३५१ प्रतिशतले बढेको छ ।

'वनविनाश प्रवृत्ति कम हुने कुनै सङ्केत' नदेखिएको प्रतिवेदनमा उल्लेख छ । त्यहाँ वनहरू कृषि, विशेषगरी सोयाका साथै गाईवस्तु र चिनीका लागि पनि फडानी गरिएको छ ।

इन्डोनेशियामा वनविनाश सन् २०२० देखि सन् २०२२ को बीचमा घटेको भए पनि गत वर्षदेखि तीव्ररूपमा बढ्न थालेको छ । कपडाका लागि भिस्कोस र विद्युतीय सवारी साधनका ब्याट्री र नवीकरणीय ऊर्जा प्रविधिका लागि निकेल उत्खननमा वृद्धिजस्ता आंशिकरूपमा प्रायः पर्यावरणमैत्री मानिने सामग्रीहरूको मागका कारण यहाँ वनविनाश बढेको हो ।

ब्रजीलबाट राम्रो समाचार आएको छ । ब्रजील अझै पनि विश्वमा सबैभन्दा बढी वनविनाश भएको मुलुक हो तर यसले महत्त्वपूर्ण प्रगति गरेको छ । अमेजनमा स्थिति उल्लेखनीयरूपमा सुधारिएको छ ।

मुलुकले राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले लागू गरेको संरक्षणात्मक उपायहरूबाट फाइदा लिएको छ । यद्यपि अमेजनको तल रहेको महत्त्वपूर्ण उष्णकटिबन्धीय घाँसेमैदान सेराडोमा वनविनाश बढेको छ ।

### वन क्षयीकरण

काठ काट्ने, सडक निर्माण र आगलागीले भूमि पूर्णरूपमा नष्ट नभई क्षति पुऱ्याउने भन्दै प्रतिवेदनले वन क्षयीकरणको भूमिकामाथि पनि प्रकाश पारेको छ ।

सन् २०२२ मा अन्तिमपटक आँकडा उपलब्ध भएको वर्ष जर्मनीको दोब्बर आकारको वन क्षेत्र नष्ट भएको थियो ।

क्लाइमेट फोकसका वरिष्ठ परामर्शदाता तथा प्रतिवेदनका सह–लेखिका एरिन म्याट्सनले 'बलियो नीति र बलियो कार्यान्वयन आवश्यक रहेको' बताइन् । "विश्वव्यापी वन संरक्षण लक्ष्य पूरा गर्न हामीले वन संरक्षणलाई राजनीतिक र आर्थिक लहडहरूबाट अछूतो बनाउनुपर्छ"–उनले बताइन् ।

उक्त प्रतिवेदन गैरसरकारी संस्थाहरूको विरोधका बावजूद वनविनाश विरोधी कानून लागू हुन एक वर्ष (सन् २०२५ को अन्त्यसम्म) स्थगन गर्ने युरोपेली आयोगको गत साता प्रस्तावलाई दृष्टिगत गरी आएको छ । रासस

## रूस र चीनद्वारा प्रशान्त महासागरमा संयुक्त नौसैनिक गस्ती

मस्को, २२ असोज/एएफपी

रूसी र चिनियाँ नौसेनाका जहाजहरूले प्रशान्त महासागरको उत्तरपूर्वी भागमा संयुक्त गस्ती गरेको रूसी सेनाले मङ्गलवार बताएको छ ।

जहाजहरूले पनडुब्बीविरोधी रणनीतिको अभ्यास गर्न 'युद्धाभ्यास गरेर अघि बढेको' बताइएको छ ।

संयुक्त सैन्य अभ्यास गरिसकेपछि यो गस्ती गरिएको हो । दुवै मित्र राष्ट्रबीच घनिष्ट सम्बन्ध कायम हुँदा नाटोले बेइजिङलाई मस्कोको युक्रेन युद्धको समर्थक भनेको छ ।

सेप्टेम्बरको प्रारम्भमा दुवै पक्षले संयुक्त समुद्री गस्तीमा भाग लिने र चीनले रूसको 'ओसन–२०२४' रणनीतिक अभ्यासमा भाग लिने चीनले बताएको थियो । जुलाईमा दुवै मुलुकले दक्षिणी चीनको ग्वाङ्डोङ प्रान्तको झानजियाङ शहर वरपरको जल र हवाई क्षेत्रमा संयुक्त अभ्यास गरेका थिए ।

रूस र चीनले हालैका वर्षहरूमा सैन्य र आर्थिक सहयोग बढाएका छन् । दुवैले 'पश्चिमी प्रभुत्व' विरुद्ध, खासगरी विश्व मामिलामा अमेरिकी प्रभुत्व भनेर बुझिने कुराको विरोध गरिरहेका छन् ।

दुवै मुलुकले मस्कोले सन् २०२२ मा युक्रेनमा आक्रमण शुरू गर्नु केही समय अघि 'सीमाहीन' साझेदारीको घोषणा गरेका थिए । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – ईश्वरभक्ति | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडापरिश्रम |
| सिंह – सुसमाचार | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया




## काभा भलिबलमा नेपाल विजयी

काठमाडौं, २२ असोज/रासस

सेन्ट्रल एशियन भलिबल एशोसिएशन (काभा) यू–२० च्याम्पियनशिपमा नेपाल विजयी भएको छ ।

श्रीलङ्काको कोलम्बोमा मङ्गलवार भएको खेलमा नेपालले माल्दिभ्सलाई ३–० को सोझो सेटमा पराजित गर्दै विजयी भएको हो । नेपालले माल्दिभ्सलाई पहिलो सेट २५–५, दोस्रो सेट २५–१२ तथा तेस्रो सेट २५–२० ले आफ्नो पक्षमा पाऱ्यो ।

जीतसँगै नेपालले तीन खेलमा छ अङ्क जोडेको छ । यसअघि पहिलो खेलमा नेपाल श्रीलङ्कालाई ३–० को सोझो सेटमा पराजित गरेको थियो ।

त्यस्तै, दोस्रो खेलमा उज्वेकिस्तानसँग नेपाल ३–१ सेटमा पराजित भएको थियो । तीनै खेलमा पराजित माल्दिभ्स अङ्कविहीन छ । माल्दिभ्स यस अघि तुर्किमेनिस्तान र श्रीलङ्कासँग समान ३–० को सोझो सेटमा पराजित भएको थियो ।

विभिन्न छ टोली सहभागी उक्त प्रतियोगितामा लिग चरणको खेलपछि शीर्ष दुईमा रहने टोलीबीच फाइनल खेल हुनेछ । अब नेपालले यही असोज २४ गते किर्गिस्तानसँग खेल्नेछ ।

**नेपालमा ...**

व्यवस्थापन, तनाव निवारण र अन्य स्वास्थ्य समस्याहरूमा यसको सकारात्मक प्रभाव प्रमाणित भएको छ ।

जनचेतना अभावका कारण यस्तो गलत धारणा अझै कायम छ । यसलाई सुधार गर्नका लागि व्यापक जनचेतना कार्यक्रमहरू आवश्यक छन् । यसले अकुपञ्चरको वैज्ञानिक आधार र यसको प्रभावकारितालाई सर्वसाधारणसमक्ष पुऱ्याउन सक्छ । प्रचारप्रसार र सही जानकारीको अभावमा यो चिकित्सा पद्धतिको वास्तविक फाइदा बुझ्न नसक्ने अवस्था रहेको छ ।

स्थानीयस्तरमा समेत अकुपञ्चर सेवाप्रदायकहरूलाई सही तालीम दिनु अत्यन्त महत्त्वपूर्ण छ । तालीमप्राप्त विशेषज्ञहरूमार्फत मात्र गुणस्तरीय सेवा प्रदान गरिनुपर्छ भन्ने धारणा स्थापित गर्नुपर्छ । तालीम र प्रमाणीकरणविना सेवा प्रदान गर्ने व्यक्तिहरूका कारणले बिरामीहरूले गलत सेवा प्राप्त गर्ने जोखिम हुन्छ । योग्यतावान् विशेषज्ञहरूले मात्र यो सेवा दिनुपर्ने बाध्यता राखेर सेवाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसले अकुपञ्चरलाई व्यापकरूपमा फैलाउन र सर्वसाधारणमा यसको सही जानकारी पुऱ्याउन सहयोग पुग्नेछ ।

**भविष्यको सम्भावना र आवश्यक सुधारहरू**

नेपालमा अकुपञ्चरको भविष्य वास्तवमैं उज्ज्वल देखिन्छ, किनकि यो प्राकृतिक र वैकल्पिक चिकित्सा विधिका रूपमा जनस्तरमा स्वीकृति पाउँदैछ । दीर्घकालीन स्वास्थ्य समस्याहरूको रोकथाम, उपचार र पुनर्स्थापनामा अकुपञ्चरको भूमिका महत्त्वपूर्ण बन्न सक्छ । यसको प्रभावकारितालाई बुझ्दै, नीतिगत सुधार र संस्थागत संरचना विकास गर्नु अत्यावश्यक छ । नेपालमा अकुपञ्चरको अभ्यासलाई कानूनी मान्यता दिएर शिक्षा र प्रशिक्षणको मापदण्ड विकास गर्दै योग्य विशेषज्ञहरू उत्पादन गर्न स्वास्थ्य मन्त्रालय, चिकित्सा संस्थाहरू र विशेषज्ञहरूबीच सहकार्य आवश्यक छ ।

जनचेतनामा सुधार ल्याउनु र सही जानकारी सम्प्रेषण गर्नु महत्त्वपूर्ण छ, ताकि अकुपञ्चरको वैज्ञानिक पक्ष र चिकित्सकीय लाभ सर्वसाधारणले बुझ्न सकून् । सरकारी र निजी क्षेत्रले ग्रामीण र दुर्गम क्षेत्रहरूमा पनि यो सेवा विस्तार गर्न पहल लिनुपर्छ, जसले गर्दा शहरी र ग्रामीण सबै क्षेत्रका जनताले एकै समान सेवा पाउन सकून् । यसले अकुपञ्चरको पहुँच बढाउनुका साथै यस पद्धतिको स्थायित्व र लोकप्रियतामा सहयोग पुग्नेछ ।

(लेखक ब्लू लोटस हेल्थ होममा कार्यरत छन् । रासस)

**आउँदो ...**

त्यसैगरी कर्णाली प्रदेशका पूर्वी भूभाग, लुम्बिनी प्रदेशका मध्य भाग, गण्डकी प्रदेशका मध्य तथा उत्तरी भाग, बागमती प्रदेशको अधिकांश भाग, मधेस प्रदेशका पूर्वी भाग र कोशी प्रदेशमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ भने बाँकी भूभागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जानकारी गराएको छ ।

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेस प्रदेश, नेपाल

## आय ठेक्कासम्बन्धी बोलपत्र आह्वानको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८१/०६/२३ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस पर्सागढी नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १८ (१) र (२) बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गर्ने तथा पोखरीमा माछापालन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०८०/८१ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | आय ठेक्का नं. | बोलपत्रको नाम | परिमाण | न्यूनतम बोलपत्र रकम मूअकरबाहेक | धरौटी रकम | बोलपत्र दस्तुर रु | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/खोला/०८१–०८२ | करजनिया खोलाबाट नदीजन्य पदार्थ उत्खनन कार्य | ९,७०,३८१.६४ घनफिट | ४८,५१,९०८/२० | २,४२,६००/०० | ३,०००/०० | सम्झौता भएको मितिले २०८२ जेठ मसान्तसम्म |
| २ | ०२/खोला/०८१–०८२ | पचरुखी पोखरी, पर्सागढी नपा–५ पचरुखी | क्षेत्रफल ४–१–० | २५,००,०००/०० | १,२५,०००/०० | ३,०००/०० | सम्झौता भएको मितिले ५ वर्ष |

**शर्तहरू**

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आव २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुरबापत यस कार्यालयमा नगदै तिरेको वा सानिमा बैंक पर्सागढी शाखामा रहेको खाता नं ०६३३०१०००४००००००५ मा नगदै जम्मा गरेको भौचर तथा निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखा वा कार्यालयको सानिमा बैंक पर्सागढी शाखाको खातामा माथि उल्लिखित खाता नम्बरमा जम्मा गरेको भौचरलाई बोलपत्रसम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

२) बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

३) बोलपत्रसम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अङ्कको ५ (पाँच) प्रतिशत दरले हुन आउने धरौटी रकम यस कार्यालयको सानिमा बैंक पर्सागढी शाखाको धरौटी खाता नं ०६३०१००४००००००३ मा जम्मा गरी सोको सक्कल भौचर वा नेरा बैंकबाट मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको १२० दिन म्यादसहित जारी गरिएको बिडबन्ड सिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ ।

४) खरीद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरण भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नंसमेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

५) एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइनेछैन । रीतपूर्वक पर्न आएका बोलपत्रसम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १:०० बजेभित्र विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६) प्रि–बिड बैंक यो सूचना प्रकाशित मितिले २०औं दिन दिनको १:०० बजे पर्सागढी नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बनधमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्टै सोही समयमा हुनेछ ।

७) बोलपत्रसम्बन्धी विस्तृत जानकारी बोलपत्रसम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्नेसम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) ठेक्का नं १ को हकमा बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मूअकर दर्ता प्रमाणपत्रसमेत लिई कबोल अङ्कको प्रथम किस्ताबापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो र तेस्रो किस्ताबापतको ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८२ असार मसान्तसम्म म्यादसहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड)समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अङ्क सेवा शुल्कबापत हुन आउने जम्मा रकमको नियम अनुसार १३ प्रतिशत मूअकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियम अनुसार नेपाल सरकारलाई आयकर तथा अन्य बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ ।

९) ठेक्का नं २ को हकमा बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मूअकर दर्ता प्रमाणपत्रसमेत लिई कबोल अङ्कको प्रथम किस्ताबापतको रकम यस कार्यालयको आन्तरिक राजस्व खाता नं ०६३०१००४००००००५ मा रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता २०८२ साउन मसान्तसम्म, तेस्रो किस्ताबापतको रकम २०८३ साउन मसान्त र चौथो किस्ता २०८४ साउन मसान्त र अन्तिम किस्ता २०८५ साउन मसान्तसम्म भुक्तानी गर्नुपर्नेछ । चार किस्ता रकम बराबरको नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८६ कात्तिक मसान्तसम्म म्यादसहित जारी गरिएको बैंक ग्यारेन्टी (जमानीपत्र) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्म आफूले कबोल गरेको अङ्क सेवा शुल्कबापत हुन आउने जम्मा रकमको नियम अनुसार १३ प्रतिशत मूअकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियम अनुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ ।

१०. तोकिएको समयभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियम अनुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाको नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धी स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएका वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

११. नदीजन्य पदार्थ उत्खनन कार्यमा हेभी उपकरणहरू (एक्साभेटर, लोडर, टिपर) प्रयोग गर्न पाइनेछैन ।

१२. नदीजन्य पदार्थ उत्खनन कार्य परिमाणमा आधारित रहेको हुँदा तोकिएको समयसीमा वा परिमाणमध्ये जुन पहिले आउन जान्छ, सोलाई गणना गरी उत्खनन कार्य बन्द गर्नुपर्नेछ ।

१३. यस कार्यालयको वा सार्वजनिक खरीद अनुगमन कार्यालयको निर्णयबाट कालोसूचीमा परेका व्यक्ति, फर्म वा कम्पनी यो ठेक्का प्रक्रियामा सहभागी हुन पाउनेछैन ।

१४. विस्तृत जानकारीको लागि यस कार्यालयको website: parsagadhimun.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



वीरगंज-२७ सौराहामा दीपावली र छठको लागि माटोको भाँडा बनाउँदै कृष्ण पडित । तस्वीरः धर्मेन्द्र चौरसिया

# दुधौरा डाइभर्सनको बेलीब्रिजमा पटकपटक जाम

## डाइभर्सन सम्याए पनि पुल सम्पन्न नहुँदा सास्ती





प्रस, निजगढ, २१ असोज/

मुलुककै लाइफ लाइनको रूपमा रहेको पूर्व–पश्चिम महेन्द्र राजमार्गको बारास्थित दुधौरा खोला डाइभर्सनको बेलिब्रिजमा दिनहुँ जाम हुने गरेको छ । डाइभर्सनमा भएका खाडलहरू सडक डिभिजन कार्यालय हेटौंडाले ग्रेटर मेशीनको प्रयोग गरी सम्याएर मर्मत सुधार गरे पनि डाइभर्सनको बेलिब्रिजमा घण्टौंसम्म सवारीसाधनहरूको जाम लाग्ने गरेको छ ।

बेलिब्रिजमा जडान भएका प्यानल बोर्डहरू भ्वाङ परेर जीर्ण बनेपछि र अधिकांश प्यानल बोर्डका नटबल्टु खुस्किएर बेलिब्रिज नै हल्लिएपछि मर्मत सुधार गरिएको थियो । भ्वाङ परेका सातवटा प्यानल बोर्ड फेरेको र नटबल्टु नभएको ठाउँमा वेल्डिङ गरी मर्मतसम्भार गरिएको दुधौरा पुल निर्माण ठेकेदार कम्पनी महादेव/खिम्ती/हिराचन जेभी काठमाडौंका इन्जिनीयर अजय झाले जानकारी दिए ।

अहिले बेलिब्रिजको पश्चिम–उत्तरतर्फको पुरानो प्यानल बोर्ड भ्वाङ परेको छ । यस्ता भ्वाङबाट सवारीसाधनको चक्का चालकहरूले छलाउन खोज्दा बेलिब्रिजको फलामे बारमा ठोक्किन पुग्ने प्रबल सम्भावना हुन्छ । बेलिब्रिजको फलामे बारमा गाडीहरूले छोयो भने बेलिब्रिज नै भत्किन सक्ने र दुर्घटनाबाट ठूलो जनधनको क्षति हुन सक्ने इन्जिनीयर झाको भनाइ छ । यसका लागि थप प्यानल बोर्ड सडक विभागसँग माग गरे पनि उपलब्ध नहुँदा फेर्न नसकेको उनको भनाइ छ ।

नजीकिंदो दशैंमा सवारीसाधनहरूको अत्यधिक चाप बढ्ने र सडक अवरुद्ध हुन सक्ने भन्दै राजमार्ग सुरक्षा ट्राफिक व्यवस्थापन मधेस प्रदेश कार्यालय, पथलैया र मातहतका निकाय जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढले ट्राफिक प्रहरी र नेपाल प्रहरी खटाए पनि सो स्थानमा हुने सडकजाम खासै घटेको छैन । सो क्षेत्रमा दुईतर्फ खटिएका ट्राफिक प्रहरी र नेपाल प्रहरीले बेलिब्रिजमा हुने जामलाई बेवास्ता गर्दा जाम बढ्ने गरेको पाइएको छ । १६ चक्के र १८ चक्के भारतीय मालवाहक ट्रक आउँदा जाम बढ्ने गरेको दैनिक आवतजावत गर्ने यात्रुवाहक बसका चालकहरू बताउँछन् ।

ट्राफिक प्रहरी र नेपाल प्रहरी भएपनि उनीहरूले कडाइ नगर्दा प्रायः बेलिब्रिज र डाइभर्सनमा गाडीहरू घण्टौं जाम लाग्ने गरेको चालकहरू बताउँछन् । प्रायः बेलुकी ६ देखि राति ९ बजेको समयमा जाम बढ्ने गरेको छ । जामका बेला साना चार पाङ्ग्रे पिकअप जीप, भ्यान, बोलेरो, टाटा सुमो, मोटरसाइकल, स्कूटी जस्ता सवारीसाधनहरू ट्राफिक नियमविपरीत बीचमा हुल्दा जामको समस्या जटिल हुने

(बाँकी तेस्रो पातामा)


## मोबाइलको लतबाट बालबालिकालाई बचाऔं

मोबाइलको लतबाटः

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटकपटक ब्युँझने समस्या हुन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणालीसम्बन्धी समस्या आउन सक्छ,
- मोबाइलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्नेलगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाइल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाइलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## महावीर युथ क्लब सोलखपुर विजयी

बलिराम शुक्ला, बिरुवागुठी, २२ असोज/

पर्सागढी नगरपालिका–१ मा जारी नवौं खसियाही गढीमाई गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको चौथो दिनको खेलमा महावीर युथ क्लब सोलखपुर विजयी भएको छ ।

खसियाही गढीमाई युवा समितिद्वारा आयोजित प्रतियोगिता अन्तर्गत आजको खेलमा महावीर युथ क्लब सोलखपुरले आयोजक खसियाही गढीमाई युवा क्लब बसवरियालाई एकका विरुद्ध दुई गोलले पराजित गरेको थियो ।

महावीर युथ क्लब सोलखपुरका हेमन्त चौधरीले दुई गोल गरेर टीमलाई जीत दिलाएका थिए । आयोजक खसियाही गढीमाई युवा क्लब बसवरियाका लालबाबू चौधरीले एक गोल मात्र गरे ।

बुधवार भोलिदेखि सेमिफाइनल चरणको खेल हुने र पहिलो सेमिफाइनलमा बिरुवागुठी युथ क्लब बडनिहार र आर्य फर्मा प्रालि छातापिपराबीच प्रतिस्पर्धा हुने आयोजक समितिका अध्यक्ष मदनप्रसाद पटेलले बताए ।

## साफ महिला च्याम्पियनशिप फूटबल प्रतियोगिताको तयारी पूरा

काठमाडौं, २२ असोज/रासस

नेपालमा आयोजना हुने दक्षिण एशियाली फूटबल महासङ्घ (साफ) महिला च्याम्पियनशिप फूटबल प्रतियोगिताको तयारी पूरा भएको अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले जनाएको छ ।

आगामी कात्तिक १ देखि १४ गतेसम्म दशरथ रङ्गशालामा हुने उक्त प्रतियोगितामा नेपालसहित माल्दिभ्स, पाकिस्तान, श्रीलङ्का, भारत, भुटान र बङ्गलादेशको सहभागिता हुने बताइएको छ ।

प्रतियोगिताको तयारीका लागि नेपाली राष्ट्रिय महिला टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङको नेतृत्वमा बन्द प्रशिक्षणमा २७ खेलाडी रहेको एन्फा प्रवक्ता सुरेश शाहले जानकारी दिए । उनले प्रतियोगितामा सहभागी टोलीलाई एन्फा कम्प्लेक्सको खेलमैदान, नेपाली सेनाको भद्रकाली र लगनखेल खेलमैदान र सेन्ट जेभियर्सको खेलमैदानमा प्रशिक्षण गर्ने व्यवस्था मिलाइएको बताए । प्रतियोगिताको अनुमानित बजेट रु चार करोड ६० लाख आठ सय रहेको आयोजकको भनाइ छ ।

## महान्यायाधिवक्ता कार्यालयले क्रिकेटर लामिछानेविरुद्ध पुनरावेदन नगर्ने

काठमाडौं, २२ असोज/रासस

महान्यायाधिवक्ता कार्यालयले क्रिकेटर सन्दीप लामिछानेविरुद्ध बलात्कारको मुद्दामा पुनरावेदन नगर्ने निर्णय गरेको छ । उच्च अदालतको फैसला चित्त बुझेको हुनाले सर्वोच्च अदालतमा पुनरावेदन नगर्ने निर्णय गरेको महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले जानकारी दिए ।

"उच्च अदालतको फैसला चित्त बुझ्यो भने नेपाल सरकार पुनरावेदनमा जाँदैन, त्यही फैसला यथावत् रहन्छ"–उनले भने–"उच्च अदालतको फैसला चित्त बुझेको हुनाले क्रिकेटर लामिछानेको मुद्दामा पुनरावेदन नगर्ने निर्णय भएको छ ।"

महान्यायाधिवक्ता कार्यालयले यही असोज १० गते क्रिकेटर लामिछानेविरुद्ध उक्त मुद्दामा उच्च अदालतको फैसलालाई सही मान्दै पुनरावेदनमा नजाने निर्णय गरेको जनाएको छ । उच्च अदालतका न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको संयुक्त इजलासले क्रिकेटर लामिछानेविरुद्ध मुद्दामा गत जेठ २ गते आधार र प्रमाण नपुगेको भन्दै सफाइ दिने फैसला गरेको थियो । उक्त मुद्दाको गत साउन ४ गते पूर्णपाठ सार्वजनिक भएको थियो ।

फैसलाको पूर्णपाठमा भनिएको छ–"आधार र कारणसमेतबाट यसमा प्रतिवादी सन्दीप लामिछानेले अनुसन्धानका क्रममा र अदालतमा गरेको इन्कारी बयान, परिवर्तित नाम गौशाला–२६ ले पठाएको म्यासेज, निजको शारीरिक परीक्षण प्रतिवेदन, निजको शारीरिक अवस्था, घटनास्थल मुचुल्का, घटना विवरण कागज गर्ने होटल काठमाडौं इन होटलका सेक्युरिटी कार्ड राजन राणाले गरेको बकक्रमका साथै मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरू समेतबाट पुनरावेदक प्रतिवादीले अभियोग मागदाबी बमोजिमको कसूर गरेको पुष्टि हुन आएन ।"

फैसलामा पीडितले प्रतिकार गरेको, कराएको, चिच्याएको, तेस्रो व्यक्तिसँग आत्मरक्षाका लागि कुनै सहयोगको याचना गरेको नदेखिएको उल्लेख छ । त्यस्तै उमेर पुगेका व्यक्तिहरूबीच जबर्जस्ती करणीको १ नं विपरीत नभई सहमतिमा भएको करणीलाई जबरजस्ती करणी नमानिने भनेर सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई प्रस्तुत मुद्दाको उल्लिखित तथ्यहरूले अनुमोदन गरेको इजलासको ठहर छ ।

फैसलाको पूर्णपाठको भनिएको छ– "प्रतिवादीसँग पीडितले आर्थिक संरक्षण मागेको, प्रतिवादीले पछि सकेको सहयोग गर्छु भनेको तर कुनै सहयोग नगरी प्रतिवादी केन्यातर्फ गएको घटनाक्रमले रिसको आवेगमा प्रतिवादीउपर यस्तो जघन्य कसूरमा जाहेरी दिएको होला भनी यो तथ्यलाई ठाडै इन्कार गर्न सकिने अवस्था पनि देखिंदैन ।" पीडित प्रतिवादीले आफूलाई जबर्जस्ती करणी भने पनि निज वारदातको समय १८ वर्ष पूरा भएको देखिएको फैसलामा उल्लेख गरिएको छ ।

अदालतले मिसिल संलग्न सिसीटिभी फुटेजको स्क्रिप्टसमेतका प्रमाणबाट अभियोग दाबी शङ्कारहित तवरले पुष्टि नभएको, पीडित र प्रतिवादीबीच होस्टलनजीकबाट प्रतिवादीको गाडीमा बसी नगरकोट गएको, रातको समयमा काठमाडौं होटल इनमा बसी भोलिपल्ट प्रतिवादीले पीडितलाई निजको होस्टलमा पुऱ्याउँदाका अवस्थासम्म उल्लिखित घटनाक्रमलाई विश्लेषण गरी हेर्दा जबरजस्ती करणीको कसूर भएको मान्न मिल्ने अवस्था नदेखिएको ठहर छ ।

जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासले गत पुस २५ गते आठ वर्ष जेल सजाय, जरिवाना र क्षतिपूर्ति गरी रु पाँच लाख भराउने र गौशाला–२६ को कमजोर आर्थिक अवस्थाको फाइदा उठाएको ठहर गरेको थियो । सो फैसलाविरुद्ध लामिछाने उच्च अदालत पाटन गएका थिए । सो अदालतमा उक्त मुद्दाको सुनुवाइपछि लामिछानेलाई सफाइ हुने ठहर गरेको हो ।

गौशाला–२६ माथिको बलात्कारको अभियोगमा लामिछानेविरुद्ध २०७९ भदौ २१ गते उजूरी परेपछि गत असोज २० गते अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलबाट पक्राउ गरिएको थियो । उक्त मुद्दामा सरकारी पक्षले पुनरावेदन नगर्ने निर्णय गरेपछि उच्च अदालत पाटनको फैसला यथावत् रहनेछ ।

### महानगरको ...

घर फर्केको स्रोतले जनाएको छ ।

घटना सम्बन्धमा गिरीसँग बुझ्दा उनले हाजिरी तथ्याङ्कविना आफूसँग हस्ताक्षर गर्न भनेको र नगरप्रमुखले कुट्ने आदेश दिएपछि विवाद सिर्जना भई पदबाट राजीनामा दिएको उनले बताए । महानगरको बिजुली विभागमा ४१ जना दैनिक ज्यालादारीमा कार्यरत छन् भने १ देखि ३२ वडासम्म सरसफाइका पाँच टयाक्टरका चालक, कम्प्युटर अपरेटर दुई गरेर करीब तीन सयका हाराहारीमा दैनिक ज्यालादारीमा कार्यरत छन् । उनीहरूको तलब दशैंमा दिइएको छैन । जेठदेखि नै दैनिक ज्यालादारी कर्मचारीहरूले तलब पाउन सकेका छैनन् ।

### करेन्ट ...

जाने क्रममा छोरा अर्जितले मोटरको तार हटाउन खोज्दा करेन्ट लागेको थियो ।

आमा र छोरालाई उपचारको लागि प्रादेशिक अस्पताल गौर ल्याइएको थियो । आमा र छोरालाई अस्पतालमा साँझ ५:३० बजे पुऱ्याउँदा उनीहरूको बाटोमैं मृत्यु भइसकेको चिकित्सकले बताएका थिए । मृतक आमा र छोराको शव शल्यपरीक्षणका लागि प्रादेशिक अस्पताल गौरमा राखिएको छ ।

## बेलयात्राको लागि पोखरियामा सरसफाइ



प्रस, पोखरिया, २२ असोज/

पोखरिया नगरपालिका–४ बजार क्षेत्रमा भइरहेको दुर्गापूजाको लागि मङ्गलवार सरसफाइ गरिएको छ ।

दुर्गा पूजाको अवसरमा बुधवार हुने बेलयात्राको लागि आज पूजास्थल वरिपरि सरसफाइ गरिएको वडाध्यक्ष एवं पूजा समिति संयोजक लक्ष्मणसाह कानूले बताए । दुर्गा पूजास्थलदेखि सतवरियासम्मको क्षेत्रमा पर्ने मन्दिरहरूको पनि सरसफाइ गरिएको थियो ।

कार्यक्रममा पूर्वनगरप्रमुख दीपनारायण रौनियार, प्रहरी निरीक्षक स्वरूप शर्मा, सशस्त्र प्रहरी नायब निरीक्षक भवराज कटुवाल, नगरप्रहरी प्रमुख दिनेश चौहानलगायतको सहभागिता थियो ।